नेवा सेकुवा पसः
यामाहा शोरूमपछाडि, पानीटङ्की, वीरगंज
मो. ९८४५०६१६०२

यहाँ शुद्ध खसी र कुखुराको मासुका परिकार पाइन्छ ।

PRATEEK DAILY
# प्रतीक दैनिक
राष्ट्रिय 'क' वर्ग
epratekdaily.com


NITCO
TILES MARBLE MOSAICO
Parsa Marble & Tiles Pvt. Ltd.
Adarshnagar-10, Birgunj
(front of Panitanki Gate)
051-591592, 9811895095

❖ वर्ष ३५ ❖ २०७८ मङ्सिर ०२ गते बिहीवार // मृत भस्म नबन्दैमा भ्रिल्को भैकन बल्नुछ // 2021 November 18 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ८२

## अगहनी धान भित्र्याउन किसान, विद्यार्थीहरू व्यस्त

### धान भित्र्याउन शुरू भएसँगै सामुदायिक विद्यालयमा विद्यार्थी घटे

प्रस, सेढवा, १ मङ्सिर/

पर्साका ग्रामीण क्षेत्रका किसानहरू गरेर धान कटानी गरिरहेको जगरनाथपुर गापा–३ गढैयाका किसान गुलाबप्रसाद गर्दै आएका छन् ।

धान भित्र्याउने बेलामा प्रत्येक वर्ष





जीराभवानी गापा–३ बिजवनियाका किसान खेतमा धानको बोझा बाँध्दै र वडा नं २ सेढवामा हार्भेस्टरबाट धान कटानी गर्दै । तस्वीरः प्रतीक

वर्षे बाली अगहनी धान भित्र्याउन व्यस्त छन् भने उनीहरूलाई सघाउँदै आएका बालबालिकाहरूको उपस्थिति विद्यालयमा पातलिएको छ ।

जगरनाथपुर, जीराभवानी, धोबिनी, पटेर्वासुगौली, सखुवाप्रसौनी, छिपहरमाईलगायत गाउँपालिकामा किसानहरू अगहनी, सोना मन्सुली धान भित्र्याउन व्यस्त छन् ।

यो क्षेत्रमा अधिकांश किसानले सोना मन्सुली धान उत्पादन गर्दै आएका छन् ।

केही किसानहरू हार्भेस्टरबाट धान कटानी गर्दैछन् भने केही किसानहरू ज्यालादारीमा धान कटाइ गर्दैछन् ।

गाईवस्तु पालेका किसानहरू परालको जोहो गर्न मजदूरहरूको प्रयोग यादवले बताए । उनले धान कटानी गरी बोझा बाँधी खेतमैं खलियान बनाएर जम्मा गर्ने गरेको बताएका छन् । यो विधिबाट धान कटानी गर्दा धान खेतमा सुक्ने र एकैपटक भकारीमा राख्न मिल्ने यादवले बताए ।

कतिपय किसानले हार्भेस्टरको प्रयोग गरिरहेका छन् । यसबाट समय र खर्च कम भएपनि धानलाई सुकाउनुपर्ने झन्झट बेहोर्नुपर्ने जीराभवानी गापा–२ सेढवाका किसान छठु चौधरीले बताए । हार्भेस्टरबाट धान कटानी गर्दा सुकाउनुपर्ने र पराल पनि सोचेजस्तो सञ्चित नहुने उनले बताए । यो क्षेत्रमा धान कटानी हुनासाथ धान, पराल खरीद गर्न व्यापारीहरू घरदैलोमा आउँछन् । उनीहरूलाई लक्षित गरेर किसानहरूले धान र परालको व्यवस्था यस क्षेत्रका सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको सङ्ख्या पातलिने गरेको छ । यस वर्ष पनि यही अवस्था छ । विद्यार्थीहरू घरमा भाइबहिनीहरूलाई हेर्ने, बाखा चराउने र खेतमा धान कटानीका लागि गएका अभिभावकलाई खाजा, खाना पुऱ्याउने गर्दा सामुदायिक विद्यालयमा विद्यार्थीहरूको सङ्ख्या पातलिने गरेको एकजना शिक्षकले बताए ।

नेरामावि महुवनका प्रधानाध्यापक भरत गिरीका अनुसार उनको विद्यालयमा ठूला विद्यार्थीहरू अध्ययनरत हुँदा प्रभाव परेको छैन तर प्राथमिक तहका विद्यालयमा भने विद्यार्थीहरूको सङ्ख्या पातलिने गरेको उनले अनुभव सुनाए ।

## कर सप्ताहमा बाराका उत्कृष्ट करदातालाई सम्मान

प्रस, जीतपुर, १ मङ्सिर/

जिल्ला प्रशासन कार्यालय, बाराका सेवा सुविधा दिनुपर्ने बताए । उनले कर को सदुपयोग हुनुपर्ने बताए ।

कन्सर्नका सञ्चालक चन्द्रप्रकाश अग्रवाललाई प्रजिअ कटुवालले सम्मानित




उत्कृष्ट करदाता रूँगटा र कर्मचारी खड्कालाई सम्मान गरिंदै । तस्वीरः प्रतीक

प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर कटुवालले मुलुकको प्रमुख आयस्रोत नै कर (राजस्व) रहेको बताएका छन् ।

१०औं राष्ट्रिय कर दिवसको अवसरमा आन्तरिक राजस्व कार्यालय सिमराद्वारा एक हप्ते कर दिवसको बुधवार उद्घाटन गर्दै प्रजिअ कटुवालले करदातालाई सरकारले सोही बमोजिम

कार्यक्रममा बारा उद्योग वाणिज्य सङ्घका अध्यक्ष राजकुमार साह र रौतहट उवासङ्घका अध्यक्ष रूपेशकुमार पोखरेलले करको दर होइन दायरा बढाउनुपर्ने बताए ।

कार्यक्रममा बाराका उत्कृष्ट करदाता ओम फ्लावर मिल प्रालिका सुरेशकुमार रूँगटा र रौतहटको वन्दना ट्रेडिङ गरेका थिए ।

त्यस्तै, उत्कृष्ट कर्मचारी कुण्डलीदेवी खड्कालाई प्रजिअ कटुवालले नगदसहित सम्मान गरेका थिए ।

कार्यक्रम आन्तरिक राजस्व कार्यालय सिमराका प्रमुख कर अधिकृत नारायणप्रसाद भण्डारीको अध्यक्षतामा भएको थियो ।

## आइसिपीमा सवारीसाधन व्यवस्थित गर्न गार्ड परिचालन

प्रस, रक्सौल, १ मङ्सिर/

एकीकृत भन्सार जाँच चौकी सवारीसाधनको आवागमन हुने भएकोले बेलाबेलामा ट्राफिक समस्या हुने गरेकोले

ट्रक, लरीहरू जथाभावी सडकमा पार्किङ गर्दा यस क्षेत्रबाट आवतजावत



आइसिपीमा व्यवस्थितरूमा लाम लागेका सवारीसाधनहरू । तस्वीरः प्रतीक

(आइसिपी)मा सवारीजाम न्यूनीकरणका लागि ट्राफिक प्रहरी परिचालित गरिएको छ ।

यहाँबाट दैनिक १५ सयभन्दा बढी गर्ने साना सवारीसाधनहरू जाममा पर्ने गरेका थिए ।

ट्राफिक प्रहरी परिचालन गरिएको हो । ट्राफिक प्रहरीले आइसिपी सडकमा रहेका सवारीसाधनहरूलाई व्यवस्थित गर्न शुरू गरेकाले सवारीजाम हुन सकेको छैन ।

यसका साथै सवारी दुर्घटना पनि यस क्षेत्रमा बढेको थियो । खासगरी टयाङ्करहरूबाट दुर्घटना हुने गरेको आइसिपीका प्रबन्धक ज्ञानेन्द्रकुमार सिंहले बताए । उनले एक दर्जन एलपिआई सुरक्षागार्डद्वारा सवारीसाधन व्यवस्थित गरिरहेको जानकारी गराए ।

यो क्षेत्रमा गलत कार्य गर्नेहरूको पनि चलखेल बढेको छ । त्यसलाई नियन्त्रण गर्ने कार्य भइरहेको हरैया ओपी प्रभारी गौतम कुमारले बताए ।

असामाजिक तत्त्वहरूको पहिचान गरी उनीहरूलाई कानूनी कारबाईको दायरामा ल्याउने उनले जानकारी गराए ।

## प्रदेश २ मा काङ्ग्रेसको वडा अधिवेशन, ६५ प्रतिशत सर्वसहमत

प्रस, परवानीपुर, १ मङ्सिर/

नेपाली काङ्ग्रेसको १४औं महाधिवेशनको लागि प्रदेश २ का आठ जिल्लामा वडा अधिवेशन जारी छ ।



नेका प्रदेश २ का संयोजक रमेश रिजाल

नेपाली काङ्ग्रेस प्रदेश २ का संयोजक रमेश रिजालका अनुसार प्रदेश २ का आठ जिल्ला पर्सादेखि सप्तरीसम्म कार्यतालिका सार्वजनिक गरी कात्तिक २७ गतेदेखि वडा अधिवेशन भइरहेको छ । उनले पर्सामा आजदेखि शुरू भएको र अन्य जिल्लामा शुक्रवारसम्म वडा अधिवेशन सकिने बताए ।

वडा अधिवेशन सकिएका स्थानमा क्रमशः नगर/गाउँपालिका त्यसपछि प्रदेश, अनि क्षेत्र र अन्त्यमा जिल्ला अधिवेशन सकाउने लक्ष्य रहेको उनले बताए ।

प्रदेश २ का आठ जिल्लामा जारी वडा अधिवेशनमा करीब ६५ प्रतिशत वडामा सर्वसहमतिबाट बुथ समिति गठन भएको र ३५ प्रतिशतमा मतदानबाट अधिवेशनको प्रक्रिया अघि बढेको संयोजक रिजालले बताए ।

यसैगरी वीरगंज वडा नं ९ को वडा सभापतिमा शिवप्रसाद गुप्ता सर्वसहमत चयन भएका छन् ।

बुधवार सम्पन्न वडा अधिवेशनमा गुप्तालाई निर्विरोध वडा सभापतिमा चयन गरिएको हो ।




तस्वीरः सौजन्य

वीरगंज वडा नं ९ मा आयोजित अधिवेशनमा गुप्तालाई सर्वसहमत वडा सभापति चयन गरिएको मतदान अधिकृत मनोज पटेलले जानकारी दिए ।

वडा समितिको उपसभापति अनिलकुमार चौरसिया र रञ्जीतकुमार साह, सचिव सञ्जयकुमार वर्णवाल र जयनाथप्रसाद साह तथा सहसचिवमा कृष्णलाल सहनी र सुशीलकुमार शर्मा चयन भएका छन् भने सदस्यहरूमा सञ्जयकुमार टिबडेवाल, कृष्णकुमार साह, हीरानन्दप्रसाद साह, अनिलकुमार घिमिरे, सङ्गीता श्रेष्ठ, इन्द्रकान्तदेवी बनियाँलगायत रहेका छन् ।

यसैगरी, क्षेत्रीय प्रतिनिधिमा

(बाँकी पाँचौं पातामा)

### अलौं र मिर्जापुरमा झडप

नेपाली काङ्ग्रेसको १४औं महाधिवेशन अन्तर्गत बुधवारदेखि पर्सामा जारी वडा अधिवेशनको क्रममा पर्साको छिपहरमाई गापाको वडा नं १ मिर्जापुर र वीरगंज–१७ अलौंमा झडप भएको छ । वडासमिति चयनमा सहमति हुन नसक्दा ती वडामा झडप भएर मारपिट भएको बताइएको छ ।

नेपाली काङ्ग्रेस जिल्ला निर्वाचन कमिटी सदस्य प्रदीप जैसवालका अनुसार ती ठाउँमा विवाद चर्किएर झडप भएपछि वडा अधिवेशन स्थगित गरी बिहीवार नयाँ सिराबाट वडा अधिवेशन गराउने तयारी भइरहेको छ ।

पर्साका १४ वटा पालिकाका ११२ वटा वडामा शान्तिपूर्वक वडा अधिवेशन भइरहेको उनले बताए । अधिकांश वडामा सर्वसहमतरूपमा वडा अधिवेशन सम्पन्न भइरहेको र सहमति हुन नसकेका वडामा बिहीवार र शुक्रवार सम्म मतदानबाट वडा कमिटी र क्षेत्रीय प्रतिनिधि चुनिने तयारी भइरहेको उनले बताए ।

लिङ्ग पहिचान गरी भ्रूणहत्या गर्नु अपराध हो ।
त्यस्तो दुष्कर्म कसैले नगरौं, नगराऔं ।
छोरा र छोरी दुवैको जीवन सुरक्षित गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

## विचारसार एवं सूक्तिहरू

**जिन्दगी एकपटक मात्र पाइन्छ, एकदम गलत हो। मृत्यु मात्र एकपटक पाइन्छ, जिन्दगी त सधैं प्राप्त छ, जिउन मात्र पो सिक्नुपर्छ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
प्रबन्ध सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com

# यहाँ खेती हुन्छ

**हो, नेपालमा सबै खेती गर्छन्। ताक परेको बेला गरिने खेती प्रायः राजनीतिमा देखिने गरे पनि हिजोआज नेपालमा जुनसुकै कुरामा ताक परे खेती गरिन्छ। सानो निहु चाहिन्छ, खेती गर्नेहरूको बाढी नै आउँछ। सर्वोच्च अदालतमा खेती भइरहेको छ, कोही क्रान्तिकारिताको खेती गरिरहेका छन्, कोही उपकार चुकाउने खेती गरिरहेका छन्। छठ पर्वको बेला त ठूलै खेती भयो, हेलिकप्टरबाट बीउ छरेर। रौतहटमा के कुनै मनोरोगीले बदमाशी गऱ्यो, अर्कोथरीलाई धर्मको खेती गर्ने विवेक पलाइहाल्यो। चारैतिरबाट हरेस खाएर विप्लवले पेट्रोलियम महँगीविरुद्ध नेपाल बन्दको आह्वान गरेर राजनीतिक खेती गरे। ठेकेदारहरू निर्माण कार्यलाई अनन्तकालसम्म लम्ब्याएर सडक, पुल, कुनै ठूला आयोजनामा खेती गर्छन् र आफूलगायत निगरानी निकायलाई अन्नपातको ठूलै उपलब्धि गराउँछन्। यी सब खेतीमा सत्ताको खेती भने उपल्लो तहको हुन्छ। उनीहरूको खेतीले त भकारी जहिले पनि टन्न रहन्छ। खेती भनेको हामीकहाँ नितान्त व्यक्तिगत उपलब्धिको व्यवसाय हो। खेतमा गरिएको खेती होस् वा अन्यत्र। त्यसमा कोही साझेदार हुँदैन। हिजोको समयमा खेतीबाट प्राप्त आयमा समाजको केही अंश रहन्थ्यो आज त्यो परिपाटी हटिसकेको छ।**

**यी कुरा गरिरहँदा कृषिप्रधान मुलुक नेपालमा खुबै अन्न उब्जन्छ भन्ने भ्रम नपलाओस्। कृषिसम्बन्धी खेती त अब मासिंदै छ। कृषिबाट हुने आयभन्दा प्लटिङ गरेर वा गर्नका लागि खेत बेच्दा ठूलो कमाइ हुन्छ। हिजो नेपालले विभिन्न कृषि उपज विदेश निकासी गर्दथ्यो, आज विभिन्न होइन, प्रायः सबै उत्पादन खरीद गर्छ। धान, गहुँ, मकै, भटमास, तरकारी, मासु अर्थात् दैनिक उपभोगका सामानदेखि ऐशोआरामका वस्तुलगायत नीति, नियम सबैथोक विदेशबाट खरीद गर्छ। यहाँ कृषिकर्म गरेर हुने खेती भने हुँदैन। हाम्रो परम्पराले कृषिलाई उत्तम कर्म मानेको थियो, आज यो निकृष्ट कर्म मानिन्छ। निष्कृट कर्म कसले गर्ने ? कसले गर्नेभन्दा पनि किन हुन दिने भाव प्रबल छ। त्यसैले खेतमा सिंचाइ हुने कुलोमा पालिकाहरूले कालोपत्रे सडक बनाउँछन्, नहर बनाउने, विदेशबाट मल-खाद मगाउने भनेको त कृषि उद्देश्यका लागि हुँदै होइन। यस्ता काम पूर्ण नहुनेगरी गरिरहँदा अधिकारवाला व्यक्तिले कमिशनको खेती गरिरहेको हुन्छ। लामो समयसम्म उब्जनी लिन सकिने खेती छाडेर दिनदिनै जाडो, रापिलो घाम वा वर्षामा कसले कृषिकर्मका लागि मरिहत्ते गर्ने ?**

**नेपाल मात्र यस्तो देश हो जहाँ एक दिनमा सिद्धिने काम एक वर्ष त के दश वर्षमा पनि सम्पन्न हुने ग्यारेन्टी हुँदैन। विदेशतिर पाँच वर्षमा सकिने काम चार वर्षमा सक्याउनुलाई त्यहाँका मानिस पुरुषार्थ ठान्छन्। किनकि उनीहरूले त्यस आयोजनामा खेती गर्नु छैन। मलेशियाले आफ्नो विमानस्थल निर्धारित समयभन्दा दुई महीना पहिले नै सम्पन्न गऱ्यो। चीनले ओलम्पिकको तयारीमा जुन तत्परता देखायो, त्यो मानव इतिहासमैं अद्वितीय थियो। विभिन्न बाधा-अवरोधलाई छिचोल्दै दुबईको जहाजे होटल समयभन्दा पहिले सम्पन्न भयो। नेपालीहरू भने समयभन्दा पहिले काम सिध्याउनुलाई ठूलो अपराध ठान्छन्। समयमा काम सिध्याउनु भनेको कसैको मातहतमा काम गर्नु ठान्छन्। त्यसैले यहाँ कृषिबाहेक सबै कुरामा खेती हुन्छ। त्यसैले नेपाललाई अब कृषिप्रधान मुलुक नभनेर खेतीप्रधान मुलुक नामकरण गरे हुन्छ। उब्जनी आउनुपर्छ, बाली त जे लगाए पनि हुन्छ।**

# राष्ट्रिय जनगणना : विविध सन्दर्भ

स्वतन्त्र विचार



सञ्जय साह मित्र
mitrasanjay41@gmail.com

> **स्थानीय तहले जनगणनाको महत्त्व जति धेरै बुझ्नुपर्ने हो त्यति वा त्यसरी बुझ्न नसकेको हो कि भन्ने देखिन आउँछ। यद्यपि अझै जति दिन बाँकी छ, यस अवधिमा पनि सही र सत्य तथ्याङ्क उपलब्ध गराउनुपर्ने आवश्यकता छ।स्थानीय तहले**

अहिले राष्ट्रिय जनगणना चलिरहेको छ। यसलाई मूल गणना पनि भनिन्छ। यसभन्दा पहिले घर गणना र घर-नम्बर निर्धारण गरिएको थियो। घरबारे केही प्रारम्भिक जानकारी पनि लिइएको थियो। त्यसभन्दा पहिले गणकहरूलाई तालीम दिइएको थियो। अझ त्यसभन्दा पहिले गणकलाई तालीम दिने प्रशिक्षक तयार पारिएको थियो। यस जनगणनाको लागि अनेक किसिमले अन्य आन्तरिक तयारी पनि गरिएको थियो।

गत जेठमा नै सम्पन्न हुनुपर्ने राष्ट्रिय जनगणना कोरोनाको कारणले प्रभावित भई तत्काल स्थगित गरिएको थियो र कोरोनाको प्रभाव कम हुँदै गएपछि शुरू गरिएको हो। अहिले चलिरहेको राष्ट्रिय जनगणना विभिन्न दृष्टिकोणले महत्त्वपूर्ण रहेकोमा दुई मत छैन। जनगणनाले धेरै कुरा निर्धारण गर्ने हुनाले यसप्रति धेरैको चासो रहेको छ। धेरैतिरबाट यसलाई हेरिएको छ। धेरैतिरबाट यस जनगणनाको नतीजाको प्रतीक्षा रहेको छ।

जनगणनाप्रति धेरै चासो देखाइएका पोस्टहरू सामाजिक सञ्जालमा देखिएका छन्। विभिन्न जातीय समूह तथा अन्य समूहले जनगणनाको परिणामलाई सकेसम्म आफ्नो पक्षमा पार्ने किसिमका सामग्रीहरू सामाजिक सञ्जालमा आइरहेका छन्। फलानो जातिको भाषा नै फलानो, फलानो धर्मको भाषा नै फलानो, फलानो जातको धर्म नै फलानो जस्ता विषय र सन्दर्भहरू सामाजिक सञ्जालमा देखिएका छन्।

समाज परिवर्तनशील छ। पहिलेको तुलनामा देशमा जाति र भाषाको सङ्ख्या बढेको छ। भाषा र जातिको साथै धर्म मान्नेहरूको सङ्ख्या पनि विचार गर्ने हो भने कम वा बेसी भएको पाइन्छ। जागरण तथा चेतनाको कारण सर्वसाधारणले आफ्नो पहिचनामा वृद्धि गर्दै लगेका छन्। देशमा लोकतन्त्र आइसकेपछि आफ्नोपनको चेतनामा वृद्धि भएको छ। यदि देशको विभिन्न क्षेत्रको तथ्याङ्कलाई विचार गर्ने हो भने धेरै क्षेत्रमा वृद्धि भइरहेको छ। गत दश वर्षभन्दा पहिले कुनै गाउँ वा शहरलाई हेर्ने हो भने पक्की सडक तथा पक्की घरमा के कति वृद्धि भएको छ ? दश वर्ष पहिले देशका नागरिकको प्रतिव्यक्ति औसत आय कति थियो ? देशका नागरिकको औसत आयु कति थियो ? साक्षरता कति थियो ? यी सबैमा परिवर्तन त हुँदै गएको छ। यी र यस्ता सबै क्षेत्र तथा विषय र पक्षको आधिकारिक तथ्याङ्कका लागि यो जनगणनाको आधिकारिक परिणामको आवश्यकता पर्दछ।

राष्ट्रिय जनगणना चलिरहँदा केही व्यावहारिक समस्या पनि हुने देखिएको छ। कतिपय घर परिवारका मानिस दिउँसोको समय घरमा हुँदैनन्। दिउँसोको समय घरमुली घरमा नभएको बेला यदि गणक पुग्दछन् भने तथ्याङ्क दिन वा पाउन समस्या हुन्छ। उदाहरणको लागि कुनै परिवारमा दुई सन्तान छन्। आमा र बुबा दुवै घरबाहिर हरेक दिन कार्यालय वा अन्य काममा नियमित जानुपर्ने हुन्छ। सन्तान पनि विद्यालय जान्छन्। यस अवस्थामा यदि कोही गणक घरमा पुग्दछ भने अरूबाट सुनेको भरमा जनगणनाको फारम भर्नुपर्ने हुन्छ।

एकजनासँग यस्तो पनि भएछ। उनी आफ्नो घरभन्दा टाढा परिवारसहित बस्तछन्। वर्षमा मुश्किलले एक दुई हप्ताका लागि घर आउँछन्। यस अवस्थामा उनको घरमा गणक पुग्छन्। यसको जानकारी उनका अनपढ छिमेकीले फोनबाट दिन्छन्। फोन गर्ने छिमेकी अनपढ र तिनका घरको मुख्य मान्छे विदेशमा हुन्छन्। बाहिर जिल्लामा बस्ने व्यक्तिले आफ्नो गणना आफू बसेकै जिल्लामा दिने र तपाईं आफ्नो विवरण दिनुस् भन्छन्। गणकले उनको विवरण माग गर्छन्। छिमेकी यो बुझ्दछन् कि शिक्षित छिमेकीले आफ्नो विवरण दिन मानेनन् तर आफूलाई विवरण दिन भनिरहेका छन्। उनलाई केही आशङ्का हुन्छ र उनी पन्छिन खोज्छन्। गणकले ती बाहिर जिल्लामा बस्ने मानिससित फोनमा लामै कुरा गरेपछि फलानो दिन घर आउने र अनि आफ्नो र छिमेकीको विवरण दिने बताउँछन्।

जनगणनामा काम गरिरहेका गणकहरूका अगाडि यस्ता धेरै समस्या देखिएका छन्। कतिपयले विवरण दिन नमान्ने त कतिपयले दिएको विवरणमाथि विश्वास गर्न नमिल्ने तर लेख्नुपर्ने। मुख्य गरी खेत, धन तथा शिक्षाको विषयमा केही द्विविधा हुने गरेका छन्। नपढेको भए पनि पढेको भनिदिने, कम पढेको तर धेरै भन्न रुचाउने, पढेकोले पनि नपढेको लेखाउने, ऋण भए पनि नलेखाउने वा ऋण नहुँदा पनि देखाउन खोज्ने जस्ता कुराहरू सुनिएका छन्। गणकहरू स्थानीय पनि हुनाले बुझेको वा जानेको एकथोक र जसको गणना भइरहेको छ, तिनले भनेको अर्को थोक हो कि भन्ने आशङ्का कतिपय गणकलाई हुने गरेको छ।

धर्म परिवर्तन गरेका परिवारको विषयमा पनि केही समस्या हुने गरेको बुझिएको छ। भित्रभित्रै धर्म परिवर्तन गरिसकेकाले समाजको अगाडि जनगणनामा लेखाउन नचाहेको वा सही विवरण दिन नमानेको समस्या पनि गणकको अगाडि हुने गरेको छ। यस्तो विषयमा त जसको विवरण दिइँदैछ, उनले भनेकै कुरालाई सर्वोत्तम आधार मानेर गणकले लेख्नुपर्ने हुन्छ।

हुनत अहिले न धेरै गर्मी छ, न धेरै जाडो नै। हिलो-धूलोको बेला पनि नभएकोले गणनाको दृष्टिकोणले अहिलेको मौसमलाई ठीक मान्नुपर्ने हुन्छ। तर गाउँमा अहिले धानको कटाइ चलिरहेको छ। धेरै ग्रामीण मजदूर तथा किसानहरू धान भित्र्याउन व्यस्त छन्। यसले गर्दा गणक घरमा पुग्दा कतिपय अवस्थामा घरमा कोही नभएको पाइने पनि हुन्छ। खेतको काममा अबेर पनि हुने भएकोले पर्खन पनि धेरै हदसम्म सम्भव नहुने समस्या देखिएको छ। कतिपय घरमा बिहानमात्र मानिस भेट हुने र कतिपय अवस्थामा साँझमात्र भेट हुने पनि पाइएको छ। यसले गर्दा जनगणनाको काम सोचेजस्तो सजिलो भने छैन।

अहिलेको राष्ट्रिय जनगणनाको महत्त्व धेरैले बुझेका छन्। यो सही हो तर अझ जति धेरै यस विषयमा ग्रामीण क्षेत्रमा प्रचारप्रसार हुनुपर्थ्यो, त्यो हुन नसकेको देखिएको छ। हुनत स्थानीय सरकारले चाहेको भए गणकलाई सबै किसिमको सहयोग उपलब्ध गराउन सक्थ्यो तर यसो हुन नसकेको गुनासो पनि आएको छ। राष्ट्रिय जनगणनाको अन्तिम नतीजा आएपछि स्थानीय तहले पनि त्यस परिणाम अनुसार धेरै कुरा सरकारबाट तथा धेरै कुरा आफूले निर्धारण गर्न पाउने हुन्छ। यस अर्थमा स्थानीय तहले जनगणनाको महत्त्व जति धेरै बुझ्नुपर्ने हो त्यति वा त्यसरी बुझ्न नसकेको हो कि भन्ने देखिन आउँछ। यद्यपि अझै जति दिन बाँकी छ, यस अवधिमा पनि सही र सत्य तथ्याङ्क उपलब्ध गराउनुपर्ने आवश्यकता रहेको छ।

# रेलवे जग्गाको मुआवजा पुनरावलोकन नहुने


महोत्तरी, १ मङ्सिर/रासस

जयनगर-जनकपुर-बर्दिबास र पूर्व-पश्चिम रेलवे विस्तारमा अधिग्रहण गरिएका जग्गाको मुआवजा रकम पुनरावलोकन नहुने भएको छ। गृह मन्त्रालयले जिल्ला प्रशासन कार्यालय महोत्तरीलाई पत्राचार गरी गत भदौ २ गते प्रकाशित मुआवजा निर्धारणसम्बन्धी निर्णय न्यायोचित रहेको जनाउँदै पुनरावलोकनको आवश्यकता नरहेको जनाएको हो।

यसअघि गत भदौ २ गते गोरखापत्रमा प्रकाशित मुआवजा निर्धारणसम्बन्धी मूल्यमा चित्त नबुझेको भन्दै महोत्तरी बर्दिबासका जग्गाधनीले भदौ १३ गते गृहमन्त्रीसँग पुनरावलोकनको लिखित माग गरेका थिए। जिल्ला प्रशासन कार्यालय, महोत्तरीले गृह मन्त्रालयले पुनरावलोकन नहुने जानकारी पठाएको पुष्टि गरेको छ।

जयनगर-जनकपुर-बर्दिबास रेलवे र मेची-महाकाली विद्युतीय रेलवे रेखाङ्कन तथा स्टेशन क्षेत्रमा परेको जग्गाको अधिग्रहण गर्ने सम्बन्धमा जिल्ला मुआवजा निर्धारण समितिले भदौ-२ गते सूचना प्रकाशित गरेर मुआवजा निर्धारण गरेको थियो।

"हामीले मूल्य निर्धारण गरेर सूचना प्रकाशित गरेका थियौं," महोत्तरीका सहायक प्रमुख जिल्ला अधिकारी उपेन्द्र न्यौपानेले भने, "त्यसपछि गृहमन्त्रीसमक्ष पुनरावलोकनका लागि माग भएको सुनिएको थियो, अब पुनरावलोकन हुन नसक्ने जानकारी गृह मन्त्रालयबाट आएको छ।" अब यसबारे आवश्यक कार्य अघि बढाउन रेल विभागलाई खबर गरिसकिएको न्यौपानेले स्पष्ट पारे।




East West Railway

| S.No. | Sections | Length In Km. | Estimated Cost In NRs. | Estimated Cost Calculated in the Year A.D. |
|---|---|---|---|---|
| 1 | Kakarbhitta - Inaruwa | 126.763 | 90,028,286,240 | 2017 |
| 2 | Inaruwa - Bardibas | 139.425 | 116,194,171,910 | 2017 |
| 3 | Bardibas - Simara | 136.4 | 70,968,055,770 | 2013 |
| 4 | Simara - Tamsariya | 127.09 | 108,265,158,481 | 2014 |
| 5 | Tamsariya - Butwal | 107.824 | 64,504,062,699 | 2014 |
| 6 | Butwal - Lamahi | 105.94 | 74,272,914,908 | 2018 |
| 7 | Lamahi - Kohalpur | 113.7 | 100,110,878,676 | 2018 |
| 8 | Kahalpur - Sukkhad | 94.1 | 72,698,769,962 | 2018 |
| 9 | Sukkhad - Gaddachowki | 89.08 | 72,425,184,362 | 2018 |

सरकारले दुवैतर्फ (जयनगर-जनकपुर-बर्दिबास रेलवे र मेची-महाकाली विद्युतीय रेलवे)को रेलसेवा विस्तारका लागि बर्दिबासका १५३ परिवारको ५९ बिघा जग्गा अधिग्रहण गरेको छ। जिल्ला मुआवजा निर्धारण समितिले रेलवेले रोक्का राखेको बर्दिबास वडा नं १, २ र १४ का जग्गाको न्यूनतम सात लाखदेखि अधिकतम ८१ लाख रुपैयाँसम्म प्रतिकट्ठा मूल्य निर्धारण गरेको छ। बर्दिबास नगरपालिका वडा नं १, २ र १४ मा रेलवे लिक र स्टेशन निर्माणका लागि सरकारले किसानको ५९ बिघा जग्गा सात वर्षदेखि रोक्का राखेको छ। महोत्तरीको बर्दिबासमा मुआवजा विवादको कारण स्टेशन र रेलवे ट्र्याक निर्माण कार्य अघि बढ्न सकेको छैन।

यसअघि जयनगर-जनकपुर-बर्दिबास रेलवेमा पर्ने महोत्तरीका भङ्गाहा नगरपालिका-४ (साबिक भङ्गाहा गाविस-३ र ४) र बर्दिबास नगरपालिका-६ र ७ (साबिक किसाननगर गाविस)को मुआवजा निर्धारण गत वर्ष २०७७ मा भएको थियो।

यद्यपि हालसम्म मुआवजा माग गरी कसैले कानून अनुसार दाबी भने नगरेको जिल्ला प्रशासन कार्यालय, महोत्तरीले जनाएको छ।

भारतको जयनगरबाट जनकपुर हुँदै बर्दिबाससम्मको ६९ किलोमिटर अन्तर्गत दोस्रो खण्ड धनुषाको कुर्थादेखि महोत्तरीको भङ्गाहा नगरपालिका-५ बिजलपुरा स्टेशनसम्म लिक बिछ्याउने र स्टेशन भवन तयार गर्ने काम सम्पन्न भइसकेको छ। तेस्रो खण्ड (बिजलपुरा स्टेशनदेखि बर्दिबाससम्म) १८ किलोमिटर दूरीमा भने अझै काम शुरू भएको छैन।

मुआवजा पुनरावलोकन नहुने जनाएपछि बर्दिबासका जग्गाधनीले भने आफूहरूमाथि अन्याय भएको प्रतिक्रिया दिएका छन्। भारत सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा सन् २०१२ मा सम्झौता भई शुरू भएको यो राष्ट्रिय महत्त्वको आयोजना कहिले पूरा हुने भन्ने सर्वसाधारण दिन कुरेर बसेका छन्।

भारतको जयनगरबाट जनकपुर हुँदै बर्दिबाससम्मको ६९ किलोमिटरमध्ये ५१ किलोमिटरमा सबै निर्माण कार्य सम्पन्न भएर रेल डिब्बा र इन्जिन पनि खरीद भई नेपाल ल्याइसकिए पनि दक्ष जनशक्तिको परिपूर्ति हुन नसक्दा र तत्सम्बन्धी कानून बनिनसक्दा सेवा भने सञ्चालन हुन सकेको छैन।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

# करमा भएका समस्या र गुनासा समाधान गर्ने संयन्त्र बनाउँछु –अर्थमन्त्री

काठमाडौं १, मङ्सिर/रासस

अर्थमन्त्री जनार्दन शर्माले कर प्रणाली




र करदाताका समस्या तत्काल समाधान गर्न संयन्त्र निर्माण गर्ने बताएका छन् । दशौं राष्ट्रिय कर दिवसका अवसरमा आन्तरिक राजस्व विभाग लाजिम्पाटमा बुधवार आयोजित कार्यक्रममा उनले समस्याको तत्काल समाधान गर्न संयन्त्र बनाइने बताए ।

"करदाताको गुनासा सुन्नुपर्छ । यहाँ आइसकेपछि एउटा एकाइ बनाउनुपर्ने आवश्यकता महसूस गरें," मन्त्री शर्माले भने, "तपाईंहरूले भन्नुभएको 'झ' झिक्नका लागि एउटा एकाइ/संयन्त्र बनाउँछु । त्यहाँ तपाईंले गुनासो राख्न पाउनुहुन्छ ।" उनले कहाँ र के कारणले समस्या भएको भन्ने समस्याको तत्काल समाधानका लागि संयन्त्र बनाउने बताए ।

मन्त्री शर्माले चुहावटको सूचना दिनेलाई पुरस्कृत नगरिएको गुनासो आएको बताउँदै त्यस्ता सूचना दिनेलाई तत्काल पुरस्कृत गर्न पनि आग्रह गरे । पुरस्कृत नगर्दा सूचना दिने हतोत्साहित हुने गरेको र त्यसले कर सङ्कलनमा समेत असर गरिरहेको भन्दै उनले 'इन्सेन्टिभ' दिन छुटेकालाई समेत तत्काल दिन निर्देशन दिए । उनले जनताले बुझाएको करबाटै सरकारको नेतृत्वकर्ता र कर्मचारीले जनताको सेवा गरिरहेको बताए । त्यस्तै, राजस्व व्यवस्थापनलाई आगामी दिनमा प्रविधियुक्त बनाउँदै करदातामैत्री बनाइने बताए ।

'पेपरलेस' तथा 'कन्ट्याक्टलेस' कर प्रणाली बनाउने प्रक्रिया थालनी भएको बताउँदै उनले त्यसलाई कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरे । "सकारात्मक कामहरू शुरू हुन्छन्, त्यो राम्रो कुरा हो तर सम्पन्न हुनुबाट मात्र परिणाम आउँछ," उनले भने, "शुरू गरेर मात्र पुग्दैन । कर दिवसको अवसरमा सम्पन्न गर्ने प्रतिबद्धता यहाँ जनाउँछु ।"

कर दिवसमा आयोजित सो कार्यक्रमका अवसरमा मन्त्री शर्माले तीनवटा प्रतिबद्धतासमेत व्यक्त गरे । उनले कर प्रशासनमा हुने झन्झटलाई तत्काल समाधान गर्न एकाइ/संयन्त्र बनाउने, भन्सारमा 'भेहिकल स्क्यानर'को व्यवस्था गर्ने र स्टिकर सरकार आफैंले छाप्ने प्रतिबद्धता गरेका हुन् ।

यसैगरी, अर्थसचिव मधुकुमार मरासिनीले कर जबरजस्ती नभई सुशासन र समृद्धिका लागि स्वेच्छिक राजस्व प्रणाली निर्माण गर्न करदाता र कर प्रशासन मिलेर अघि बढ्नुपर्ने बताए । प्रत्येक नागरिकले तिरेको करबाटै राज्यले प्रदान गर्ने सेवा सुविधा उपलब्ध हुने बताउँदै उनले सबैलाई करदाता शिक्षा दिनुपर्ने आवश्यकता औंल्याए । "शिक्षा, स्वास्थ्य, सुरक्षालगायत कुरा हामीले तिरेको करबाट व्यवस्था भएको छ । कतिपयलाई कर सकेसम्म नतिरौं भन्ने लाग्छ, तिर्न परे पनि कमले तिर्छन्," उनले भने, "यो करदाता शिक्षा र करको महत्त्वबारे हामीले मन्थन र बुझाउनुपर्ने लागेको छ ।"

कार्यक्रममा राजस्व सचिव कृष्णहरि पुस्करले कोभिड–१९ महामारीले पुऱ्याएको ठूलो असरमा पनि करदाताले दिएको राजस्वले मुलुकको अर्थतन्त्रलाई पुनरुत्थानमा टेवा पुगिरहेको बताउँदै सबै करदातालाई धन्यवाद दिए ।

यसैबीच, आन्तरिक राजस्व विभागले लक्ष्यको ९५.३२ प्रतिशत लक्ष्य हासिल गरेको बताइएको छ । कार्यक्रममा वार्षिक प्रतिवेदन २०७७/७८ सार्वजनिक गर्दै विभागले आव २०७७/७८ मा रु चार खर्ब २९ अर्ब २७ करोड राजस्व सङ्कलन गरेको बताएको हो । यस्तै, रु दुई खर्ब ८७ अर्ब ६ करोड मूल्य अभिवृद्धि कर, रु दुई खर्ब ७७ करोड आयकर तथा रु एक खर्ब ३४ अर्ब नौ करोड अन्तःशुल्क राजस्व सङ्कलन भएको छ ।

# महाकवि विद्यापतिको स्मृति दिवस

प्रस, वीरगंज, १ मङ्सिर/

मैथिली भाषाका महाकवि विद्यापतिको स्मृति दिवस बुधवार वीरगंजमा मनाइएको छ । प्रत्येक वर्ष कात्तिक धवल त्रयोदशी तिथि मङ्सिर १ गते मनाइँदै आएको महाकवि विद्यापतिको स्मृति दिवस वीरगंजमा पण्डित अमृतनाथ चिन्तन प्रतिष्ठानले मनाउँदै आएको छ ।

वीरगंज–१६ रजतजयन्ती चोकमा रहेको महाकवि विद्यापतिको सालिकमा पुष्प अर्पण गरिएको थियो । कवि सहमैथिली अभियानी एवं कार्यक्रमका अध्यक्ष शोभाकान्त झाले महाकवि विद्यापतिको जीवनीमाथि प्रकाश पार्दै विद्यापतिद्वारा रचित विभिन्न काव्यपङ्क्तिको उल्लेख गरेका थिए ।

कार्यक्रममा प्रतिष्ठानका सचिव दिनेशचन्द्र मिश्रले जारी जनगणनामा आफ्नो मातृभाषा मैथिली र दोस्रो भाषा


तस्वीरः प्रतीक

भोजपुरी लेखाउन पर्सा जिल्लामा रहेका मैथिलीभाषीसँग आग्रह गरे । समारोहमा समाजसेवी वकील जमशेर मियाँ तेली, समीर मियाँ तेली, भूपनारायण प्रसाद, सविता खातुन, रमा चौधरी, सोनी यादवलगायतको सहभागिता थियो ।

# स्थायी लेखा नम्बर लिने करदाताको सङ्ख्या ४० लाख नाघ्यो

काठमाडौं, १ मङ्सिर/रासस

सरकारले करको दायरा वृद्धि गर्दै लगेसँगै करदाताको सङ्ख्या उल्लेख्यरूपमा वृद्धि भएको छ । नेपालमा हालसम्म व्यावसायिक र व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाताको सङ्ख्या ४० लाख नाघेको आन्तरिक राजस्व विभागले जनाएको छ ।

विभागका अनुसार आर्थिक वर्ष २०७७/७८ को असार मसान्तसम्म व्यावसायिक र व्यक्तिगत स्थायी लेखा नम्बर लिनेको सङ्ख्या ४० लाख ४९ हजार १०९ पुगेको छ । व्यक्तिगत करदाता २४ लाख ७१ हजार ७२६ र व्यावसायिक करदाता १५ लाख ७७ हजार ३८३ छन् । आव २०७७/७८ मा दुई लाख ४५ हजार ५६१ व्यावसायिक करदाता र पाँच लाख १७ हजार ३८३ व्यक्तिगत करदाता थपिएका छन् ।

कोरोना महामारीको प्रतिकूलताका बावजूद पनि राजस्व असुलीमा ९५.३२ प्रतिशत प्रगति भएको विभागले जनाएको छ ।

आव २०७७/७८ मा रु ४२९ अर्ब २० करोड राजस्व असुली भएको थियो । यो आव २०७६/७७ को तुलनामा ११.६४ प्रतिशतले बढी हो । आव २०७७/७८ मा रु ४५० अर्ब ३४ करोड राजस्व सङ्कलनको लक्ष्य राखिएको थियो ।

आव २०७७/७८ मा मूल्य अभिवृद्धि करतर्फ रु तीन खर्ब दुई अर्ब १६ करोड लक्ष्य निर्धारण गरिएकामा रु दुई खर्ब ८७ अर्ब छ करोड असुली भएको छ । यस्तै, सोही अवधिमा रु दुई खर्ब ७७ करोड आयकर र रु एक खर्ब ३४ अर्ब नौ करोड अन्तःशुल्क सङ्कलन भएको छ ।

आन्तरिक राजस्व विभाग र अन्तर्गतका कार्यालयको कुल बेरुजू रु ४९ अर्ब ६१ करोड ४९ लाख १५ हजार रहेकामा गत आवमा रु २८ अर्ब ८६ करोड २६ लाख ९६ हजार फछ्र्योट भएको विभागले जनाएको छ । गत आवमा मूल्य अभिवृद्धि करतर्फ रु ३७ हजार ८६८ करदाता दर्ता भएको र हालसम्म दुई लाख ६८ हजार ४३६ करदाता मूल्य अभिवृद्धि करमा दर्ता भएको विभागले जनाएको छ ।

**दूरसञ्चार कम्पनी बन्यो उत्कृष्ट करदाता**

सरकारले सबैभन्दा बढी आयकर दाखिला गर्ने विभिन्न क्षेत्रका १५ करदातालाई सम्मान गरेको छ । दशौं कर दिवसका अवसरमा आन्तरिक राजस्व कार्यालयले आज बुधवार आयोजना गरेको कार्यक्रममा अर्थमन्त्री जनार्दन शर्माले उत्कृष्ट करदाताहरूलाई सम्मान गरे ।

नेपाल सरकारको स्वामित्वमा रहेको नेपाल दूरसञ्चार कम्पनी (नेपाल टेलिकम) सबैभन्दा बढी आयकर दाखिला गर्ने उत्कृष्ट करदाता बनेको छ । यस्तै, निर्यात कारोबारबाट सबैभन्दा बढी आयकर दाखिला गर्ने डाबर नेपाल प्रालि, विशेष उद्योगमध्येबाट एसियन पेन्ट्स (नेपाल) प्रालि र कृषि एवं पशुपक्षीजन्य उद्योगबाट पूर्वाञ्चल




एग्रिटेक प्रालि रहेका छन् ।

यस्तै, सहकारी तथा लघु वित्तको कारोबार गर्नेबाट छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड, बैंक तथा वित्तीय संस्थाको कारोबार गर्नेबाट नबिल बैंक लिमिटेड, बीमा व्यवसायमध्येबाट नेपाल पुनर्बीमा कम्पनी, स्वास्थ्य तथा शिक्षा सेवा प्रदायक संस्थामध्येबाट नोबेल मेडिकल कलेज टिचिङ हस्पिटल प्रालि, पर्यटन व्यवसायमध्येबाट तारागाउँ रिजेन्सी होटल्स लिमिटेड र वस्तु व्यापारको कारोबारमध्ये सबैभन्दा बढी आयकर दाखिला गर्ने भाटभटेनी सुपरमार्केट एन्ड डिपार्टमेन्टल स्टोर प्रालि सम्मानित भएका छन् ।

मध्यमस्तरीय करदातामध्येबाट कर्जा सूचना केन्द्र कम्पनी लिमिटेड, ऊर्जामूलक उद्योगमध्येबाट हिमाल पावर लिमिटेड र सबैभन्दा बढी मूल्य अभिवृद्धि कर र अन्तःशुल्क दाखिला गर्ने सूर्य नेपाल प्रालि सम्मानित भएका छन् । २०६६ साउनदेखि २०७८ असार मसान्तसम्म मूल्य अभिवृद्धि करको मासिक कर विवरण र सो बमोजिमको कर समयममैं बुझाएर नियमित कर सहभागिता जनाएकामध्ये आव २०७७/७८ मा सबैभदा बढी मूल्य अभिवृद्धि कर दाखिला गर्ने करदाताका रूपमा घोराही सिमेन्ट इन्डस्ट्री सम्मानित भएको छ ।

यसैगरी, व्यक्तिगत आयमध्ये सबैभन्दा बढी आयकर तिर्ने सिद्धार्थ शम्सेर राणा पनि सम्मानित भएका छन् । दिवसकै अवसर पारेर विभाग मातहतका विभिन्न कार्यालयमा उत्कृष्ट सेवा प्रवाह गर्ने १० जना कर्मचारीलाई पनि पुरस्कृत गरिएको थियो ।

उत्कृष्ट करदाताका रूपमा सम्मानित नेपाल पुनर्बीमा कम्पनीका प्रमुख कार्यकारी अधिकृत शङ्करकुमार रायमाझीले सम्मानले थप उत्कृष्ट काम गर्न प्रोत्साहित गरेको र पुनर्बीमा कम्पनीलाई सधैंभर उत्कृष्ट बनाउन आफू प्रयत्नशील रहेको बताए । आधुनिक एवं वैज्ञानिक कर प्रणालीतर्फको प्रस्थानबिन्दुका रूपमा नेपालमा मूल्य अभिवृद्धि कर लागू भएको दिनको स्मरण गर्दै हरेक वर्ष मङ्सिर १ गते कर दिवस मनाउन थालिएको हो ।

# मणिपालको खाली जग्गामा छिट्टै ठूलो परियोजना आउँछ –प्रचण्ड

जलेश्वर, १ मङ्सिर/रासस

नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले महोत्तरीको सदरमुकाम जलेश्वरमा वर्षौंदेखि खाली रहेको मणिपालको जग्गामा छिट्टै ठूलो परियोजना आउने बताएका छन् ।

रामगोपालपुर नगरपालिकामा एकैसाथ आठ स्वास्थ्य केन्द्रको उद्घाटन कार्यक्रममा जाँदै गर्दा सोही सडकखण्डमा पर्ने जलेश्वर नगरपालिका–१ स्थित मणिपालको जग्गानजीकै आज बुधवार बिहान साढे ११ बजे स्थानीयवासीले उनलाई रोकेर वर्षौंदेखि किसानको उब्जाउ जग्गा ओगटेर मणिपालले बन्जर बनाइरहेकामा दुःखेसो सुनाएपछि उनले सो जग्गामा चाँडै ठूलो परियोजना बसाल्ने बताएका हुन् । तीस वर्षअघि जलेश्वरभित्र पर्ने बजराही, रतबारा, बखरीसहितका गाउँलेको अन्नको भण्डारका रूपमा रहेको करोडौं मूल्यको ३६ बिघा बढी जग्गा किसानले मणिपाललाई इन्जिनीयरिङ कलेज निर्माणका लागि दिएका थिए । प्रत्येक किसानको घरका एकजनालाई निश्शुल्क इन्जिनीयरिङ शिक्षा पढाउने शर्तमा मणिपालले किसानहरूको जग्गा मात्र रु १० हजार प्रतिकट्ठाका दरले लिएको थियो ।

किसानको दुःखेसो सुनेर प्रचण्डले नआत्तिन आश्वासन दिंदै चाँडै सो जग्गाभित्र नेपाल सरकारको ठूलो परियोजना स्थापना हुने बताए । स्थानीय किसानले प्रचण्डलाई फूलमाला लगाएर स्वागत गरेका थिए भने प्रचण्ड सो स्थानमा पाँच मिनेट मात्रै किसानको कुरा सुनेर उनीहरूलाई आश्वासन दिंदै रामगोपालपुरतिर लागेका थिए ।

# जारी भयो विद्युतीय राहदानी



तस्वीरः रासस

काठमाडौं, १ मङ्सिर/रासस

सरकारले राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागसँगको सहकार्य र समन्वयमा विद्युतीय राहदानी जारी गरेको छ । परराष्ट्रमन्त्री डा नारायण खड्काले बुधवार आयोजित एक कार्यक्रममा संस्कृतिविद् सत्यमोहन जोशीलाई पहिलो विद्युतीय राहदानी हस्तान्तरण गरे । साथै उनले शताब्दी पुरुषको उपमा पाएको जोशीलाई अभिनन्दन पनि गरे ।

राहदानी विभागले आयोजना गरेको कार्यक्रममा मन्त्री खड्काले अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठनको मापदण्ड अनुसार सुरक्षाका सबै विशेषता समेटिएको गुणस्तरीय राहदानी जारी गरिएको बताए । समयबद्धरूपमा विदेशस्थित नेपाली नियोग र सबै जिल्ला प्रशासन कार्यालयबाट विद्युतीय राहदानी जारी गरिने जानकारी पनि परराष्ट्रमन्त्रीले दिए ।

दुई दिनअघि राष्ट्रिय परिचयपत्र पाएका जोशीले राणाकालमा तत्कालीन लङ्का र हालको श्रीलङ्का यात्रा आफूले 'जो जससँग सम्बन्धित छ' सिफारिशका आधारमा गरेको, २००७ सालमा मुन्सीखानाबाट पहिलोपटक राहदानी लिएको तथा पत्नीको राहदानीमा आफ्ना दुई सन्तानको समेत तस्बिर राखेर चीनको यात्रा गरेको स्मरण सुनाए ।

"हाम्रो देश सानो भएपनि ई–पासपोर्ट संसारभर सबैको एकै हुन्छ, अन्तर्राष्ट्रिय जगत्मा हाम्रो हैसियत सबैसँग समान छ," विद्युतीय राहदानीको माध्यमबाट देशको गरिमा बढ्ने तर्क गर्दै उनले भने ।

(बाँकी चौथो पातामा)

# नेप्सेमा दोहोरो अङ्कको वृद्धि, चार कम्पनीको शेयरमा सर्किट

काठमाडौं, १ मङ्सिर/रासस

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक बुधवार पनि दोहोरो अङ्कले बढेको छ । लगातार उकालो लागेको नेप्से परिसूचक आजको वृद्धिसँगै पुनः दुई हजार ८०० को बिन्दुमा पुगेको छ ।

नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक १६.९५ अङ्कले बढेर दुई हजार ८०१.५२ मा पुगेको हो । यस्तै, सेन्सेटिभ परिसूचक ३.९८ अङ्कले बढेर ५२५.४४ मा पुगेको छ । कुल २२४ कम्पनीको एक करोड १९ लाख ४३ हजार ८५८ कित्ता शेयर रु सात अर्ब ३७ करोड ९४ लाख ४६ हजार ८२० मूल्यमा खरीद–बिक्री भए ।

कारोबार भएका १३ उपसमूहमध्ये बैंकिङ ४.७२, व्यापार २५.६४, होटल तथा पर्यटन ५१.५२, जलविद्युत् ७१.९८, वित्त ३२.४२, अन्य १०५.२८ र लघुवित्त ८.६८ अङ्कले बढेको छ । विकास बैंक ७५.७९, निर्जीवन बीमा ६.२३, उत्पादन १००.६, जीवन बीमा ८४.७१, सामूहिक लगानी कोष ०.०२ र लगानी ०.५२ अङ्कले घटेका छन् । बुधवारको कारोबारपछि बजार पूँजीकरण रु ३९ खर्ब ४० अर्ब २८ करोड ४४ लाख ६० हजार १५१ बराबर पुगेको छ ।

कारोबारका आधारमा नेपाल दूरसञ्चार कम्पनी शीर्ष स्थानमा रह्यो । सो कम्पनीको ५८ करोड ६८ लाख ६२ हजार ९५५ बराबरको कारोबार भयो । यस्तै, महालक्ष्मी विकास बैंक ३८ करोड ५६ लाख, एशियन लाइफ इनस्योरेन्स ३३ करोड ६६ लाख ४० हजार ७४५, नेशनल हाइड्रोपावर २६ करोड ३१ लाख १२ हजार २१९ र गरिमा विकास बैंक रु २२ करोड १९ लाख ४० हजार ८१७ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भए ।

नेप्सेका अनुसार पञ्चकन्यामाई हाइड्रोपावर र माथिल्लो तामाकोशी जलविद्युत् कम्पनीको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भयो । मानुषी लघुवित्त, तेह्रथुम पावर कम्पनी ९.९९ र नेपाल बङ्गलादेश बैंकका शेयरधनीले ९.९८ प्रतिशतले कमाए । त्यस्तै, बोटलर्स नेपाल तराई ७.४७, महालक्ष्मी विकास बैंक ७.४१, गुराँस लाइफ इन्स्योरेन्स ४.१३, गुह्येश्वरी मर्चेन्ट बैंकले ३.८८ र एनआरएन इन्फ्रास्ट्रकचरका लगानीकर्ताले ३.०९ प्रतिशतले गुमाए ।

# किस्मत अपना अपना

बिरालोले बच्चा सारेझैं काङ्ग्रेसले महाधिवेशनको निर्धारित तिथि–मिति फेरबदल गरिरहन्छ । निर्धारित मिति मङ्सिरमा १४औं महाधिवेशन हुने काङ्ग्रेसीहरू नै विश्वस्त देखिँदैनन्। त्यसैले त अस्ति पूर्व प्रधानमन्त्री ओलीले– काङ्ग्रेस बूढो भयो, निर्धारित समयमा महाधिवेशन गर्न सक्दैन भनी दिए । अनेकन उपमा दिइएको यो महाधिवेशन अगावै सिंगारपटार गरेर बेहुला परामा देउवापुत्र, विमलेन्द्र निधिका छोरा र पूर्वराष्ट्रपति रामवरण यादवका सुपुत्रलाई किस्तीमा राखेर पेश गरिंदैछ । ठूला नेताहरूलाई महाधिवेशनभन्दा आफ्ना उत्तराधिकारीहरूको तारतम्य मिलाउने चटारो छ । अचेल काङ्ग्रेसलाई मुख सानो गाँस ठूलो भएको दल भनिन्छ । २०७४ को आम निर्वाचनमा दोस्रो भएको यो दल काकताली परेर सत्तामा छ । विगत दुई–तिहाई सरकारका हर्ताकर्ता भनिने प्रचण्ड र माधव नेपाल देउवाको रहमोकरममा आफ्नो भविष्य देख्न थालेका छन्। ओली खेमाले विभीषणको संज्ञा दिएको प्रचण्ड र माधव आफ्नै पहलमा बनेको दुईतिहाई सरकारका हर्ताकर्ता ओलीलाई धूलो चटायौं भन्दै आफ्नो बखान आफै गर्दैछन्। म त यी दुईलाई 'आफै बोक्सी आफैं झाँक्री'को उपमा दिन चाहन्छु। तर यिनले आफूलाई 'खाने पिउने रामे चोट पाउने श्यामे' भयौं भन्दछन्।



मन्तव्य

कुमार रुपाखेती

**नेपाली काङ्ग्रेसमा अरू बेला युवा पुस्ता, नयाँ पुस्ता भन्ने थुप्रै देखिन्छन् । तर महाधिवेशनको सँघारमा यिनीहरू आफ्नो गुट, उपगुटमा विलीन हुन पुग्छन् । यस्ता चरित्रका जानकार शीर्ष नेताहरूले लुत्फ उठाउँदै युवा पुस्ता नयाँ पुस्ता भन्दै आफ्ना सन्तानहरूलाई प्रवेश गराउँछन् ।**

अस्ति बिहारका पूर्व मुख्यमन्त्री लालुप्रसाद यादवले अर्का पूर्व मुख्यमन्त्री जितनराम माझीसँग रिसाउँदै 'भकचोन्हर' भनिदिए। अनि भकचोन्हर शब्दले तिलमिलाएकी जितनराम माझीकी बुहारीले लालुकी छोरी रोहिणीलाई एक सभामा 'लबरी' भनेर भाषण ठोकिदिइन्। अहिले बिहारमा डिस्नेरी पल्टाएर भकचोन्हर र लबरीको अर्थ खोज्नेहरूको लहर चलेको छ। बिहारभन्दा तल्लो स्तरमा नेपालमा अचेल ओली, प्रचण्ड र माधवबीच गालीगलौजको जुहारी नै चलेको छ । बेलगाम बोल्ने ओलीलाई प्रचण्ड, माधवको जोडीले तथानाम फलाक्दै आएको छ। धेरैले यी तीनलाई 'आफै राँड देशै भाँड' पनि भन्दछन् । कन्युनिस्टहरू यस्तो तल्लो स्तरमा झर्दासमेत काङ्ग्रेसले त्यसको फाइदा लिन सकेको छैन, उल्टै नेपाली काङ्ग्रेस 'नाम बडे और दर्शन छोटे' हुँदै गएको छ । स्मरणीय छ नेपाली काङ्ग्रेसको जन्म विवादमा, विदेशमा भएको हो ।

सर्वसम्मतिको नाममा ओलीले तानाशाही पारामा वडा, नगर अधिवेशन गरेको सबैलाई थाहै छ । तानाशाही र सर्वसम्मति भन्दै केन्द्रीय अध्यक्ष बन्ने ओलीको दाउ हो । उता आफूलाई उदारवादी, प्रजातन्त्रवादी भन्दै काङ्ग्रेसले वडास्तरको बुथ कमिटीहरूमा समेत थुप्रै दाबी र विवाद गराएर सहमति भएन भन्दै मतभेद सृजना गराउँदै निर्वाचनमा जाने भएको छ । इतिहासकालदेखि नै काङ्ग्रेसमा पार्टीको प्रभावशाली पदमा ठूला नेताहरूको सहमति बन्ने र तल्लो स्तरका पदहरूमा मारामार गराइदिने चलन छ । ते-हौं महाधिवेशनमा महामन्त्रीमा पराजित गगन थापालाई विनाविवाद सजिलै केन्द्रीय सदस्यमा मनोनीत गरिएकै हो। बुई चढेर, रिझाएर मन्त्रीसम्म बन्नेहरू काङ्ग्रेसमा थुप्रै छन्। यही प्रदेश २ मा समानुपातिक विधायक ओमप्रकाश शर्मा पनि त प्रदेशमन्त्री भए।

सधैं राजनीतिक दाउपेच र पदको लालसामा बाँचेकाहरू नेपालमा थुप्रै छन्। त्यसैले त आम जनताले देशभित्र र बाहिरसमेत अन्धकार र अन्यायमा बाँच्नुपरेको छ। दार्चुलाको मालघाटमा तुइनमा बगाइएका जयसिंह धामीलाई नेपाल सरकारले बिर्से पनि नेपाल राष्ट्रिय मानव अधिकारको पत्रको आधारमा ठूलो मुद्दा बनाई भारतीय राष्ट्रिय मानव अधिकारले भारत सरकारको ध्यानाकर्षण गर्दै छानबीन शुरू गरेको छ। नेताहरूको नामर्दीपनाले गर्दा हाम्रो लडाइँ अरूले लड्दैछ, हाम्रो सरकार त रमिते पाहुना त हो नि ।

सरकारी नालायकीपनाको फाइदा उठाउँदै भर्खरै विज्ञापन बोर्डले एउटा उर्दी जारी गऱ्यो, जसमा भनिएको छ– मिडियाले मदिराको विज्ञापन गर्न पाउँदैन। सरकारले राजस्व लिन्छ, उद्योगीले करोडौं लगानी गरेर मदिरा उद्योग खोल्छ । तर उसको विज्ञापन मिडियाले गर्न नपाउने यो कस्तो विरोधाभासपूर्ण र उदेकलाग्दो आदेश हो ?

गठबन्धन भर्सेज एमालेको लडाइँ झगडा आफ्नो उत्कर्षमा छ। सबै मिलेर ओली पक्षलाई सखाप पार्ने कसम खाएका छन्। तर यिनको एकता पानीको बुलबुला जस्तै हो, सङ्क्षेपमा भन्ने हो भने 'न नौ मन तेल होई ना राधा नाची' । पद पाएपछि पुड्को बन्ने, लक्ष्य र गन्तव्य त्याग्ने यिनको नानीदेखि लागेको बानी हो । तसर्थ नानीभन्दा आची ठूलो देखाउनुको सट्टा यथार्थको धरातलमा बाँच्नु राम्रो हो ।

नेपाली काङ्ग्रेसमा अरू बेला युवा पुस्ता, नयाँ पुस्ता भन्ने थुप्रै देखिन्छन् । तर महाधिवेशनको सँघारमा यिनीहरू आफ्नो गुट, उपगुटमा विलीन हुन पुग्छन्। यस्ता चरित्रका जानकार शीर्ष नेताहरूले लुत्फ उठाउँदै युवा पुस्ता नयाँ पुस्ता भन्दै आफ्ना सन्तानहरूलाई प्रवेश गराउँछन्। नसीब अपना अपना भनेको यही हो। विपीले भनेका सुकिला–मुकिला पनि यिनै हुन्।

ओलीको नाम नसुन्ने र उनको हर्कत थाहा नपाउने यो मुलुकमा को नै छ र ? तर पनि विधान महाधिवेशन परिसरभरि आफ्नो एकल तस्वीर राखेर उनी सर्कसको जोकर साबित भएकै हुन् । आगामी मङ्सिरमा नारायणगढमा हुने एमाले महाधिवेशनमा यिनको रहलपहल कर्तुतहरू पनि जनसमक्ष आउला नै । ओली मात्रै किन काङ्ग्रेसको महाधिवेशनमा उँची छलाङ लगाउन देउवासमेत तम्तयार नै छन्। खै, कसरी नैया पार हुने हो ?

जेजस्तो भए पनि बाध्यताले गर्दा आगामी निर्वाचनमा ओली 'एकला चलो रे' अवस्थामा छन् भने गठबन्धन भन्दै कुममा कुम जोरेर चुनावी मैदानमा अवतरण गर्न प्रचण्ड, माधवहरू विवश छन्।

अहिले त यिनको महाधिवेशनरूपी चटक र मदारीको खेल हेरौं अनि निर्वाचनताका यिनको बहुरूपी चरित्र हेरेर मजा लिउँला। किस्मत अपना अपना।

# एमाले पर्साबाट चयन महाधिवेशन प्रतिनिधिमा विवाद, विधानविपरीत यी अनुहार चुनिए

प्रस, परवानीपुर, १ मङ्सिर/


नेकपा एमालेको १०औं राष्ट्रिय चितवनमा हुने नेकपा एमालेको महाधिवेशनका लागि कम्तीमा १० वर्षसम्म पार्टीको क्रियाशील सदस्यता लिएको हुनुपर्ने र अल्पसङ्ख्यकको हकमा सात वर्ष हुनुपर्नेमा समयावधि नपुगेका व्यक्तिहरूलाई महाधिवेशन प्रतिनिधि बनाइएकोले उनले विरोध गरेका हुन् ।



शम्भुप्रसाद गुप्ता



बसरुद्दीन अन्सारी



विश्वम्भर शर्मा



तेजप्रकाश निषाद

महाधिवेशनको लागि अवैधानिक तरीकाले पर्साबाट महाधिवेशन प्रतिनिधि चयन भएको नेकपा एमाले पर्साका युवा नेता शिवजी गुप्ताले आरोप लगाएका छन्। गत कात्तिक २९ गते जारी भएको सूचना अनुसार चयन भएका २९ जना महाधिवेशन प्रतिनिधिमा कतिपय नाम पार्टीको विधानविपरीत रहेको उनको आरोप छ ।

मङ्सिर १० देखि १२ गतेसम्म

जिल्ला कमिटी सदस्यसमेत रहेका गुप्ताले आपत्ति जनाउँदै अवैधानिक तरीकाले प्रतिनिधि चुनिएकाले खारेज गरी विधान अनुसार प्रतिनिधि चुन्न माग गरेका छन् ।

"विगत लामो समयदेखि पार्टीमा योगदान दिएका व्यक्तिहरू हुँदाहुँदै पनि समयावधि नपुगेका व्यक्तिलाई प्रतिनिधि बनाउँदा योगदान दिएकाहरूको मनोबल स्वतः खसेको छ," उनले भने, "१० वर्षको सट्टा आठ वर्ष मात्र पुगेकालाई कसरी महाधिवेशन प्रतिनिधि बनाउन पाइन्छ ?"

नेपाल खेलकूद महासङ्घका केन्द्रीय उपमहासचिवसमेत रहेका गुप्ताले सर्वसम्मतरूपमा अवैधानिक तरीकाले प्रतिनिधि बनाउने काम किमार्थ स्वीकार्य नहुने बताए ।

उनका अनुसार पार्टी विधानविपरीत नेकपा एमाले पर्साका नेता बसरुद्दीन अन्सारी, तेजप्रकाश निषाद, विश्वम्भर शर्मा, शम्भुप्रसाद गुप्तालगायतलाई प्रतिनिधि चयन गर्नु पार्टीको लागि दुःखद हो ।

क्षेत्र नं १ बाट प्रतिनिधि भएकाहरूमध्ये समयावधि नपुगेकाहरूको मात्र आफूले विरोध गरे पनि अन्य क्षेत्रका बारेमा आफूलाई ज्ञान नभएकोले अयोग्य भए विरोध गर्न पनि गुप्ताले आग्रह गरेका छन् ।

विधान अनुसार प्रतिनिधि बनाउनुपर्ने भन्दै जिल्ला कमिटीसँगै सोमवार प्रदेश कमिटीमा पनि निवेदन पठाइसकेको गुप्ताको भनाइ छ। अब प्रदेश कमिटीले पनि समयावधि अपुग भएका व्यक्तिहरूको नामावली नसच्याए केन्द्रीय कमिटीमा पनि निवेदन दिने गुप्ताको चेतावनी छ।

विधान अनुसार नचल्दा आम जनताले नेकपा एमालेलाई गरेको विश्वास पनि कम हुने हुँदा आगामी निर्वाचनमा पार्टीले ठूलो नोक्सानीसमेत बेहोर्न सक्ने गुप्ताको सङ्केत छ । आफू महाधिवेशन प्रतिनिधिको आकाङ्क्षी नभएको स्पष्ट पार्दै उनले व्यक्तिभन्दा पनि प्रवृत्ति र प्रणालीको विरोध गरेको बताए ।

गत कात्तिक २५ गते महाधिवेशन प्रतिनिधिको लागि पार्टी कार्यालयमा भएको उम्मेदवारी दर्तामैं विधानविपरीत व्यक्तिले उम्मेदवारी दर्ता गराएपछि गुप्ताले विरोध जनाउँदै पार्टी कार्यालयमैं आमरण अनशन शुरू गरेका थिए ।

त्यसपछि गलती सच्याएर जाने भनी पार्टीका अगुवा नेताहरूले प्रतिबद्धता जनाउँदै उनको अनशन तोडाएका थिए। तर गत कात्तिक २९ गते विधानविपरीत चारजनाको नामावली आएपछि आफूले विरोध जनाउँदै प्रदेश कमिटीमा निवेदन दिएको बताए ।

यता नेकपा एमाले पर्साका अध्यक्ष प्रभु हजराले पार्टीको निर्णय नै आधिकारिक निर्णय हुने बताए । सर्वसम्मतरूपमा भएको निर्णयलाई कसैले बदर गर्न नसक्ने अध्यक्ष हजराको भनाइ छ ।

## जारी भयो विद्युतीय.....

परराष्ट्र सचिव भरतराज पौड्यालले हस्तलिखित राहदानीको युगलाई पछाडि छोडेर यन्त्रले पढ्ने राहदानी (एमआरपी) हुँदै अब विद्युतीय राहदानी लिएर यात्रा गर्ने अवस्थामा नेपाली पुग्नु गौरवको विषय भएको बताउँदै सेवाग्राहीलाई ई–पासपोर्ट र एमआरपी समानान्तररूपमा जारी गरिने जानकारी दिए ।

राहदानी विभागका महानिर्देशक डोरनाथ अर्यालले ३४ र ६४ पृष्ठका विद्युतीय राहदानीका विशेषताबारे जानकारी दिंदै एमआरपीका निम्ति लाग्ने दस्तुर नै ई–पासपोर्टमा पनि लागू हुने बताए ।

विभागबाट एमआरपी लिंदा रु १० हजार र जिल्ला प्रशासन कार्यालय तथा विदेशस्थित नेपाली नियोगबाट राहदानी लिंदा सेवाग्राहीले रु पाँच हजार दस्तुर तिर्नुपर्ने व्यवस्था छ ।

विभागबाट ६४ पृष्ठको ई–पासपोर्ट लिन चाहने सेवाग्राहीले भने रु २० हजार राजस्व बुझाउनुपर्नेछ ।

एघार वर्षअघिसम्म हस्तलिखित राहदानी प्रयोग गर्ने नेपाल त्यसपछि एमआरपी हुँदै अब ई–पासपोर्ट प्रयोग गर्ने देशमा रूपान्तरण भएको छ । विद्युतीय राहदानीमा वाहकको व्यक्तिगत विवरण 'चिप्स'मा सुरक्षित तवरले राखिएको हुन्छ, जसलाई विशेष यन्त्रले मात्र हेर्न र पढ्न सकिन्छ । यद्यपि यो राहदानी एमआरपी वा हस्तलिखित राहदानीजस्तै हो ।

## फरक समाचार

# जाडोमा भिटामिन डीको कमी


भिटामिन डी जसलाई हामी सनसाइन भिटामिन पनि भन्न सक्छौं। हाम्रो शरीरलाई स्वस्थ राख्न भिटामिन डीको महत्त्वपूर्ण भूमिका हुन्छ। यो एउटा आवश्यक पोषक तत्त्व हो। यसको मुख्य स्रोत भोजनको अलावा घाम पनि हो। शरीरमा भिटामिन डीको स्तर बढाउने राम्रो र प्राकृतिक स्रोत घाम हो। स्वास्थ्यलाई हेलचेक्र्याइँ गर्दा शरीरमा थुप्रै परिवर्तन भएको अनुभव गर्छौं र केही असुविधा तथा पीडा पनि हुन्छ । भिटामिन डीले हाडलाई स्वस्थ राख्न, तनाव कम गर्न र इम्युनिटी बढाउने गर्छ । छाला घामको सम्पर्कमा आएपछि भिटामिन डी उत्पादन गर्न थाल्छ तर भिटामिन डीयुक्त खाद्यपदार्थ र औषधिको माध्यमबाट पनि यसको पूर्ति गर्न सक्छौं । भिटामिन डीको पर्याप्त स्तर शरीरमा क्याल्शियम र फास्फोरसको अवशोषणलाई नियन्त्रण गर्न मदत गर्छ। यसले प्रतिरक्षा प्रणालीलाई दुरुस्त गर्छ । विभिन्न सङ्क्रमण, रोगबाट लड्न, हाड र दाँतको विकासमा सहायक हुन्छ। तनाव, चिन्ता र व्यवहार र वजन नियन्त्रण गर्न पनि भिटामिन डीले निकै मदत गर्छ।




भिटामिन डीको कमी भएपछि शरीरमा विभिन्न समस्या हुन्छ। विशेषरूपमा जाडोको मौसममा निकै समस्या उत्पन्न गर्छ । यस मौसममा हुस्सु र कुहिरो लाग्ने गरेकोले पर्याप्त घाम मान्छेले पाउन सक्दैन । जाडोमा यदि थकान र कमजोरी महसूस हुन्छ भने यो भिटामिन डीको कमी हो । भऱ्याङ चढ्न–ओर्लिन, कम उचाइ भएको कुर्सीमा बस्न तथा भुइँमा बस्न समस्या, लडखडाउँदो पाइला हुनु पनि भिटामिन डीको कमी नै हो । यस भिटामिनको कमीबाट रिकेट्स पनि हुन सक्छ । यो विकारले बच्चाको कोमल हाडलाई शिकार बनाउँछ। रक्त परीक्षण गरेर भिटामिन डीको कमी पत्ता लगाउन सकिन्छ। यो परीक्षण दुई प्रकारको हुन्छ।

# बिहान ब्रश नगर्नेलाई कोभिडको खतरा

धेरैजसो व्यक्ति बिहान उठ्ने बित्तिकै चिया/कफी पिउने तथा खाजा खाने गर्छन् । बिहान उठेर ब्रश नगर्नेलाई दाँतसम्बन्धी समस्या हुन्छ । झन् कोरोना महामारी आएपछि यो समस्या झनै विकराल हुन सक्छ।



सुन्दा अचम्म लागे पनि यो सत्य हो। मुखको खराब स्वास्थ्य कोभिडको खतरालाई झनै बढाउँछ । रिपोर्ट्स अनुसार जुन व्यक्तिको मुखको स्वास्थ्य खराब छ अथवा बिहान उठ्ने बित्तिकै ब्रश नगरी चिया पिउँछन्, उनीहरू कोभिड सङ्क्रमणको चपेटामा पर्न सक्छन्। मुखको स्वास्थ्य र कोभिडबीच एउटा सम्बन्ध छ, खराब मुखले अन्य थुप्रै रोगलाई पनि निम्तो दिन्छ । मुख्यरूपले यो त्यति बेला हुन्छ, जब लामो समयसम्म मुखको स्वास्थ्यमाथि ध्यान दिंदैनौं, जसबाट डिस्बिओसिस हुन्छ– जहाँ मुखमा रहेका ब्याक्टेरिया लामो समयपछि एउटा ठूलो समस्यामा परिणत हुन्छ ।

कोरोना महामारीमा सरसफाइलाई ध्यान दिनुपर्छ, सामाजिक दूरी राख्नुपर्छ साथै मुखको सफाइमा पनि आवश्यकताभन्दा बढी ध्यान दिनुपर्छ । दिनमा दुईपटक कम्तीमा दुई मिनेटसम्म फ्लोराइडयुक्त टुथपेस्टले ब्रश गर्नुपर्छ। बिहान उठेर राम्ररी ब्रश गर्ने र मनतातो पानी आधा कप पिउनुपर्छ। यसबाट घाँटी सुक्खा रहँदैन। चिया पिउनुभन्दा पहिले केही आरामदायक तरल पदार्थ पिउनुपर्छ।

# काउली पनि खतरनाक हुन्छ

काउली धेरैले रुचाउने तरकारी हो। काउलीमा धेरै पोषक तत्त्व पाइन्छ। काउलीका थुप्रै परिकार बनाएर खाने गरिन्छ तर काउलीको तरकारी पकाउने बेलामा ध्यान दिनुपर्छ ।



काउलीमा 'रेफिनोज' नामक एउटा यस्तो तत्त्व पाइन्छ, जसमा कार्बोहाइड्रेट हुन्छ । यो कार्ब तरकारीमा प्राकृतिकरूपले पाइन्छ, जसलाई हाम्रो शरीरले सजिलै पचाउन सक्दैन। यो तत्त्व हाम्रो सानो आन्द्राबाट सजिलै ठूलो आन्द्रामा पुग्छ र ग्याँसको समस्या उत्पन्न गर्छ । प्रायः काउलीको तरकारी खाएपछि अथवा काउलीको परौठा खाएपछि पेटमा समस्या हुन्छ, यो त्यसैले गर्दा हुने गर्छ।

**काउलीबाट बेफाइदाः** थाइराइडबाट ग्रसित व्यक्तिले काउली खानुहुँदैन । यसको सेवनबाट शरीरमा टी–३ र टी–४ हार्मोन बढ्ने सम्भावना हुन्छ ।

काउलीमा पोटाशियमको मात्रा बढी हुन्छ । यसको सेवन गर्दा मान्छेको रगत बिस्तारै–बिस्तारै गाढा हुन्छ । रगत गाढा बढाउने औषधि खानेहरूलाई काउली खतरनाक हुन्छ । भर्खरै बच्चा जन्माएका महिलाहरूले काउली सेवन गर्नुहुँदैन ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## दिल्लीको प्रदूषण नाजुक अवस्थामा

नयाँ दिल्ली, १ मङ्सिर/एएनआई

भारतको दिल्लीमा न्यूनतम तापक्रम १० डिग्री सेल्सियसमा झरेको छ।

तापक्रम घट्दै गएपछि मङ्गलवार अत्यन्त जाडो महसूस गरिएको दिल्लीका बासिन्दाले बताएका छन्।

भारतको मौसम विज्ञान विभागले मङ्गलवारको अधिकतम तापक्रम भने २७ डिग्री सेल्सियससम्म पुगेको जनाएको छ।

भारतको केन्द्रीय राजधानीसमेत रहेको दिल्लीमा एकातिर चीसो बढिरहेको छ भने अर्कातिर प्रदूषणको असर पनि बढिरहेको छ।

वायुको गुणस्तर मङ्गलवार ३९६ रहेकोमा बुधवार घटेर ३७९ मा पुगेको अधिकारीले जानकारी दिएका छन्।

तिहारको बेला अत्यधिक धेरै पटाका पड्काइएकाले वायु प्रदूषण बढेर खतरापूर्ण अवस्थामा पुगेको हो। प्रदूषण धेरै हानिकारक अवस्थामा पुगेकाले केही समय लकडाउन गर्न सरोकारवालाले सुझाव दिएका छन्।



मङ्गलवार दिल्लीको तापक्रम १० डिग्री सेल्सियस पुगेको थियो। तस्वीरः ट्वीटर

त्यसैगरी, चिकित्सकले पनि केही दिन घरबाहिर ननिस्कन र विशेषगरी बालबालिकालाई प्रदूषणबाट जोगाउन ध्यानाकर्षण गराएका छन्। रासस

## पत्रकार भिसा खुकुलो पार्न अमेरिका र चीन सहमत

वाशिङ्टन, १ मङ्सिर/एएफपी

संयुक्त राज्य अमेरिका र चीन




भर्चुअल शिखर सम्मेलनमा जो बाइडेन र सी जिनपिङ। तस्वीरः एजेन्सी

आफ्ना दुई नेताहरूबीचको लामो समयदेखि प्रतीक्षा गरिएको भर्चुअल शिखर सम्मेलनपछि पत्रकार भिसामा जारी प्रतिबन्धहरू खुकुलो पार्न सहमत भएका छन्। बेइजिङले बुधवार यो कदमलाई महत्त्वपूर्ण उपलब्धि भनेको छ।

वाशिङ्टनले अमेरिकी सञ्चारमाध्यमका सदस्यहरूमाथि चीनले गरेको व्यवहारको निरन्तर निन्दा गर्दै आएको छ र बेइजिङको भएको आरोप लगाइएको अमेरिकी भूमिमा चिनियाँ मिडियाविरुद्ध कारबाई पनि गरेको छ।

सन् २०२० मा बेइजिङले दुई देशबीचको तनाव बढ्दै गएपछि न्यूयोर्क टाइम्स, वाशिङ्टन पोस्ट र वाल स्ट्रीट जर्नल जस्ता थुप्रै प्रमुख समाचारपत्रमा काम गर्ने अमेरिकी पत्रकारहरूलाई निष्कासन गरेको थियो। तर अमेरिकी राष्ट्रपति जो बाइडेन र उनका चिनियाँ समकक्षी सी जिनपिङबीचको भर्चुअल शिखर वार्तापछि दुवै देशका अधिकारीहरूले नयाँ पत्रकार भिसा जारी गर्न सहमत भएको बताएका छन्।

बेइजिङले पिआरसी (पिपुल्स रिपब्लिक अफ चाइना)मा पहिले नै रहेका अमेरिकी पत्रकारहरूलाई स्वतन्त्ररूपमा प्रस्थान र फर्कन अनुमति दिने वाचा गरेको छ। यद्यपि उनीहरूले त्यीतो गरेका थिएनन, अमेरिकी अधिकारीले टिप्पणी गरेका छन्।

चिनियाँ राज्य सञ्चारमाध्यमले दुवै पक्ष नयाँ पत्रकारहरूको भिसालाई पारस्परिकरूपमा अनुमोदन गर्न सहमतिमा पुगेका छन्। दुवै पक्षले पत्रकार भिसाको म्याद एक वर्षसम्म लम्ब्याउने सहमति गरेपछि दुवै देशले अनुमतिपत्रलाई तीन महीनासम्म पुऱ्याउने सहमति गरेका थिए। राज्य विभागका प्रवक्ताले मङ्गलवार दिएको जानकारी अनुसार हालका महीनाहरूमा भएको छलफलले मिडिया वातावरणका केही क्षेत्रमा केही प्रारम्भिक प्रगति भएको छ। चीनले जनाए अनुसार ऊ अमेरिकी पत्रकारहरूको समूहलाई भिसा जारी गर्न प्रतिबद्ध छ, यदि तिनीहरू सबै लागू कानून र नियमहरू अन्तर्गत अनुकूल छन् भने।

बुधवार सम्झौताको बारेमा सोध्दा, चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता झाओ लिजियानले पत्रकारहरूलाई भने, यो कठिन उपलब्धि दुवै पक्षका मिडियाको चासो अनुरूप छ, र मूल्यवान् पनि छ।

उनले थपे– बेइजिङले आशा गर्दछ, दुवै पक्षले सकेसम्म चाँडो सान्दर्भिक नीति र उपायहरू खोजेर यसलाई लागू गर्नेछन्।

त्यसैगरी, अमेरिकी अधिकारीले वाशिङ्टनले अमेरिकी र अन्य विदेशी मिडियाको पहुँच विस्तार र अवस्था सुधार गर्न र सामान्यतया प्रेसको व्यापक स्वतन्त्रताका लागि दबाब जारी राख्ने बताएका छन्। रासस

## पूर्वराष्ट्रपतिका छोरा र राष्ट्रपतिकी छोरी एउटै गठबन्धनमा

मनिला, १ मङ्सिर/सिन्हवा

फिलिपिन्समा आगामी निर्वाचनका



उपराष्ट्रपति पदकी उम्मेदवार वर्तमान राष्ट्रपतिकी छोरी सारा डुटर्टे (बायाँ) र वर्तमान राष्ट्रपति रोड्रिगो डुटर्टे (दायाँ)। तस्वीरः एपी

लागि पूर्वराष्ट्रपति फर्डिनान्ड मार्कोसका छोरा तथा पूर्वसिनेटर फर्डिनान्ड मार्कोस जुनियर र वर्तमान राष्ट्रपति रोड्रिगो डुटेर्टेकी छोरी सारा डुटेर्टे एकै ठाउँमा उभिएका छन्।

पूर्वराष्ट्रपतिका छोरा मार्कोस जुनियरले राष्ट्रपतिमा र वर्तमान राष्ट्रपतिकी छोरी सारा डुटेर्टे उपराष्ट्रपतिमा उम्मेदवारी दिएपछि एकै समूह बनाएका हुन्।

पूर्वराष्ट्रपति र वर्तमान राष्ट्रपतिका छोराछोरी नै चुनावी मैदानमा हुँदा यसै पनि रोमाञ्चक भइरहेको फिलिपिन्सको निर्वाचनमा दुवैजना एउटै समूहमा भएपछि थप रोमाञ्चक भएको छ।

आगामी सन् २०२२ को मेमा हुने निर्वाचनका लागि यही अक्टोबर १ देखि फिलिपिन्समा राष्ट्रपतीय निर्वाचनको प्रक्रिया शुरू भएको छ।

गत शनिवार उम्मेदवारी दर्ता गराएकी वर्तमान राष्ट्रपतिकी छोरी साराले पहिलोपटक सार्वजनिकरूपमा अभिव्यक्ति दिँदै आफू पूर्वराष्ट्रपतिका छोरा तथा अहिले राष्ट्रपतिका उम्मेदवार फर्डिनान्ड मार्कोस जुनियरकै समूहमा रहेको उल्लेख गरेकी हुन्।

सामाजिक सञ्जाल फेसबूकमा राखिएको भिडियो सम्बोधनमा उनले आफ्नो समूहलाई फिलिपिन्सका जनताले सेवा गर्ने अवसर प्रदान गर्ने विश्वास व्यक्त गरेकी छन्।

राष्ट्रपतिका उम्मेदवार ६४ वर्षीय मार्कोस र उपराष्ट्रपतिकी उम्मेदवार ४३ वर्षीया साराको गठबन्धनलाई फिलिपिन्समा बलियो गठबन्धनका रूपमा हेरिएको छ।

पूर्वराष्ट्रपति मार्कोसका दुई सन्तानमध्ये एकमात्र छोरा मार्कोस जुनियरले तीन वर्षअगाडि स्थापना गरेको र आफू नै अध्यक्ष रहेको पार्टीको तर्फबाट उम्मेदवारी दिएका हुन्।

आफ्ना बुबा राष्ट्रपति भएका बेला उनी इल्लोकोस नोर्टे प्रदेशको पहिलो प्रदेश उपप्रमुखमा सन् १९८१ मा निर्वाचित भएका थिए। उनका बुबा सन् १९६५ डिसेम्बर ३० देखि १९८६ फेब्रुअरी २५ सम्म फिलिपिन्सको राष्ट्रपति भएका थिए। उनको निधन १९८९ मा भएको थियो।

मार्कोस जुनियर सन् २०१० देखि २०१६ सम्म सिनेटरसमेत भएका थिए। सन् २०१६ मा भएको निर्वाचनमा उनले उपराष्ट्रपतिका लागि प्रतिस्पर्धा गरेका थिए।

भावी राष्ट्रपतिका लागि उनीसहित चर्चित बक्सिङ खेलाडी तथा सिनेटर मान्नी पाक्वुइओ, मनिलाका मेयर फ्रान्सिस्को डोमागोसोले पनि उम्मेदवारी दर्ता गरेका छन्।

त्यसैगरी, उपराष्ट्रपतिमा प्रतिस्पर्धा गर्न लागेकी साराले देशको प्रभावशाली पार्टी लकास सिएमडीको तर्फबाट उनले उम्मेदवारी दर्ता गराएकी हुन्।

उनले पहिला आफ्ना पिताको उत्तराधिकारी नै हुने गरी राष्ट्रपतिमैं प्रतिस्पर्धा गर्ने तयारी गरे पनि मापदण्ड पूरा नभएकाले अहिले उपराष्ट्रपतिमा उम्मेदवारी दिएकी हुन्। रासस

## सर्वोच्चमा देखिएको समस्या एक/दुई दिनभित्रै समाधान हुन्छ

धनुषा, १ मङ्सिर/रासस

नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले सर्वोच्च अदालतमा देखिएको समस्या छिट्टै समाधान हुने बताएका छन्। उनले भने, "सर्वोच्चको समस्या एक/दुई दिनभित्र सर्वोच्चबाट नै सल्टिनेछ।"

महोत्तरीको रामगोपालपुर नगरपालिकामा आयोजना हुने कार्यक्रममा सहभागी हुन आएका अध्यक्ष प्रचण्डले जनकपुरधाम विमानस्थलमा बुधवार सञ्चारकर्मीसँग सङ्क्षिप्त कुराकानीका क्रममा समस्याको छिटोभन्दा छिटो समाधान गर्न सरकारले आआफ्नो ठाउँबाट पहल गरिरहेको बताए।

उनले भने, "आशा गरौं, विवाद अदालतबाट नै सल्टियोस्। हामी अदालतबाटै एक/दुई दिनभित्र समस्या समाधान होस् भन्ने चाहेका छौं।"

उनले अदालतमा देखिएको समस्या एक/दुई दिनमा समाधान नभए राजनीतिकरूपमा हल गरिने बताए। सरकारलाई सहयोग गर्न गठित पाँच दलीय गठबन्धन समन्वय समितिको बैठकले सन्तुलित वक्तव्य दिइसकेको जनाउँदै उनले यस विषयमा थप बोल्न आवश्यक नरहेको बताए।



विमानस्थलमा अध्यक्ष प्रचण्ड (दायाँ)। तस्वीरः रासस

## प्रदेश २ मा काङ्ग्रेसको वडा.....

जवाहरप्रसाद गुप्ता, दिलीप शर्मा बराल,




वासुदेव अर्याल, नारायणीजी रौनियार, नन्दकिशोर चौहान, कन्हैयालाल

छन्। निर्वाचन अधिकृत प्रदीप जयसवालले उपसभापति आशाराम

गुप्ता, राकेशकुमार साह, सचिव भैरव महर्जन र सहसचिवमा राहुल गुप्ता तथा

र उपसभापति रूपनारायण चौधरी, बाबुदत्त ओझैया र सचिव विनोद साह तेली चयन भएको बताइएको छ। पटेर्वासुगौली गापाका वडा नं २, ४ र ५ मा विवादका कारण अधिवेशन हुन सकेन।

यसैगरी, सखुवाप्रसौनीमा वडा नं १ को बुथ कमिटी सभापतिमा रामजनम चौधरी, उपसभापति महेश ओझैया, विश्वनाथ पटवारी र सचिव दिनेश तिमल्सिना चयन भएका छन्।

वडा नं ५ मा योगेश्वरप्रसाद यादव सभापति र दीपक यादव उपसभापतिमा चयन भएका छन्।




केशरीलगायत चयन भएको मतदान अधिकृत पटेलले जानकारी दिए।

यसैगरी, वीरगंज महानगरपालिका–१० को बुथ सभापतिमा वडाध्यक्ष रामनगिना साह कानू सर्वसम्मत भएका शुभनारायण पटेल सर्वसम्मत चयन भएको बताए।

यसैगरी, वीरगंज–२१ लिपनीबिर्ताको वडा सभापतिमा रामनारायण साह सर्वसहमत चयन भएका छन्। उपसभापतिद्वय हृदयनारायण राउत कुर्मी र देवकुमार मण्डल, सचिवद्वय श्रीलाल महतो र रामप्रवेश साह कलवार, सहसचिवद्वय धनञ्जय कुशवाहा र नरसिंह पटेललगायत सदस्यहरू सर्वसम्मत चयन भएका छन्।

*प्रस, पंचगावाँ/*

नेपाली काङ्ग्रेसको पटेर्वासुगौली गाउँपालिकामा वडा अधिवेशन सम्पन्न भएको छ। बुधवारदेखि पर्सा जिल्लाका चौधवटै पालिकामा वडा अधिवेशन शुरू भएको छ।

यसै क्रममा पटेर्वासुगौली गापा–१ मा भएको अधिवेशनले जयनारायण दहितको अध्यक्षतामा वडा बुथ समिति गठन गरेको छ। बुथ समितिको उपसभापति श्रीलाल सहनी, भुटी सहनी र सचिव जयकरण चौधरी छन्।

यसैगरी, वडा नं ३ मा प्रेम गिरीको सभापतित्वमा बुथ समिति गठन भएको

*प्रस, पर्सागढी/*

पर्सागढी नगरपालिका–१, २, ४, ८ र ९ मा बुथ समिति गठन भएको छ। समितिका सभापति क्रमशः तुलराम महतो, रामचन्द्र महतो, जङ्गबहादुर दास थारू, विसमोहन दास थारू र शङ्करराउत अहिर चयन भएका छन्।

वडा नं ३, ५, ७ मा सहमति हुन नसकेको र वडा नं ६ को अधिवेशन स्थगित भएको छ।

*प्रस, सेढवा/*

जीराभवानी गाउँपालिकामा वडा नं ३ बाहेक सबै चारवटै वडामा बुथ समिति सर्वसम्मत चयन भएको छ। वडा नं १, २, ४ र ५ का सभापतिहरूमा क्रमशः ग्याँसुद्दीन मियाँ, सरोज चौरसिया, सत्यदेवदास थारू र जगदीश गेडरा सर्वसम्मत निर्वाचित भएका छन्।

यसैगरी, वीरगंज महानगर–१ को बुथ समिति सभापतिमा सुरेश गुप्ता, बहुदरमाई नपा–५ मा छेदीलाल केवट, विन्ध्यवासिनी गापा–१ मा सत्येन्द्र ओझा र छिपहरमाई गापा–७ मा परमेश्वर महतो केवट सर्वसम्मत सभापति चयन भएका छन्।

**आयुर्वेदको चमत्कार**

इच्छा अनुसार छोरा-छोरी प्राप्त हुने !
लिखित प्रतिबद्धता !!
**सहयोगीः**
**बैद्य सूर्यमान श्रेष्ठ**
मो. ९८६९३७७४७७, ९८०५९२७०३३

### आजको राशिफल

| | |
|---|---|
| मेष – भाग्योदय | वृष – खर्चवृद्धि |
| मिथुन – मनोरञ्जन | कर्कट – पदोन्नति |
| सिंह – राज्यलाभ | कन्या – रोगभय |
| तुला – व्यापारवृद्धि | वृश्चिक – शत्रुपराजय |
| धनु – ज्ञानोदय | मकर – भयचिन्ता |
| कुम्भ – मित्रमिलन | मीन – अतिथिआगमन |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट-पोखरिया बस समिति

| | |
|---|---|
| भिस्वा– | बिहान ७:४० बजे |
| भिस्वा– | बिहान १०:०० बजे |
| भिस्वा– | मध्याहन १२:०० बजे |
| भिस्वा– | दिउँसो १:३० बजे |
| दसौता– | दिउँसो २:३० बजे |
| सेढवा– | दिउँसो ३ बजे |
| देउरिया– | दिउँसो ३:१५ बजे |
| भिस्वा– | दिउँसोः ३:४० बजे |

**घरबाट निस्केको फोहोर डस्टबिनमा फालौं, सभ्यताको परिचय दिऔं।**

**वीरगंज महानगरपालिका**

# भारत सरकारको सहयोगमा बुटवलमा विद्यालय भवन बन्दै

प्रस, वीरगंज, १ मङ्सिर/

भारत सरकारको सहयोगमा संयुक्तरूपमा शिलान्यास गरेका थिए। नयाँ विद्यालय भवन भारत सरकारको



भारत सरकारको सहयोगमा निर्माण हुन लागेको विद्यालयको संयुक्त शिलान्यास गर्दै। तस्वीरः सौजन्य

बुटवलस्थित नहरपुर माविको भवन निर्माणको लागि बुधवार शिलान्यास कार्यक्रम सम्पन्न भएको छ।

काठमाडौंस्थित भारतीय राजदूतावासका विकास साझेदारी तथा पुनर्निर्माण प्रभागका प्रमुख करुण वंशल र बुटवल नगरपालिकाका प्रमुख शिवराज सुवेदीले विद्यालय भवन निर्माणको लागि नेरु ४ करोड ४ लाख १७ हजारको लागतमा निर्माण हुने बताइएको छ।

सन् १९७१ मा सो विद्यालय स्थापना भएको र अहिले जीर्ण अवस्थामा रहेपछि भारत सरकारको सहयोगमा पुरानो विद्यालय भवन भत्काएर नयाँ भवन बनाउने कार्य शुरू भएको छ। विद्यालयमा ११ सय २७ जना विद्यार्थी अध्ययनरत रहेको बताइएको छ।

नेपालस्थित भारतीय दूतावासले भारत सरकारको सहयोगमा नेपालको सातवटै प्रदेशमा १८ वर्ष अवधिमा स्वास्थ्य, खानेपानी, कनेक्टिभिटी, सरसफाइलगायत सार्वजनिक उपयोगिताको क्षेत्रमा उच्च प्रभाव सामुदायिक विकास परियोजना अन्तर्गत ४५४ वटा परियोजनाको निर्माण सम्पन्न भइसकेको जनाएको छ।

# सिनेमाकर्मीले राजनीतिकर्मीलाई प्रशिक्षण दिनुपर्छ –अध्यक्ष दाहाल

प्रस, निजगढ, १ मङ्सिर/

देश, समाजलाई बदल्न बन्द कोठामा चालबाजी गर्न भूमिका निर्वाह गर्ने राजनीतिकर्मीहरूलाई र चलचित्र नबुझी नकारात्मक टीकाटिप्पणी गर्ने पात्रहरूलाई अब सिनेमाकर्मीले तालीम दिनुपर्ने बेला आएको चलचित्र बोर्डका अध्यक्ष दयाराम दाहालले बताएका छन्।



तस्वीरः प्रतीक

बुधवार चलचित्र विकास बोर्डको आयोजना र चलचित्र तथा लोकसञ्चार प्रवर्द्धन बोर्ड, प्रदेश नं २ जनकपुरको सहआयोजनामा बाराको निजगढमा चलचित्र निर्माण आधारभूत प्रशिक्षण कार्यक्रमको उद्घाटन गर्दै अध्यक्ष दाहालले नेपाली चलचित्र विधासँगै यस कर्ममा लाग्नेहरूको हकअधिकार र लगानी सुरक्षित गर्न सरकारले अझै नसकेको गुनासो गरे।

अध्यक्ष दाहालले राजनीतिले नाट्यकलालाई विभेद गरेको आरोप लगाउँदै नाट्यकला पञ्चम वेद भएको हाम्रा चार वेदमा सो कुरा उल्लेख भएको बताए। जसरी यो दुनियाँ, समाजलाई चार वेदले चलाइराखेको छ, पञ्चम वेदले ती चार वेदलाई चलायमान बनाइरहेको अध्यक्ष दाहालको भनाइ थियो। चलचित्र एवं कला क्षेत्रलाई विभेद गरिनुहुन्न। प्रजातन्त्र, लोकतन्त्र, सङ्घीय गणतन्त्र ल्याउनमा जति राजनीतिकर्मीहरूको योगदान छ, त्यसभन्दा कम चलचित्र एवं कला क्षेत्रमा लाग्नेहरूको पनि नभएको उनले दाबी गरे।

हामीले पाठ्यपुस्तकहरूमा पनि चलचित्र एवं कला विधालाई समेट्दै पठनपाठन हुनुपर्छ भन्दै आवाज उठाइरहेको बताउँदै केही महीनाअघि त्रिभुवन विश्वविद्यालयले सो कुरा स्वीकार गरिसकेको बताए। उनले मावि तहमा अध्ययन गर्ने विद्यार्थीहरूले पनि अनिवार्यरूपमा चलचित्र, कला क्षेत्रको विषयमा पढ्न पाउने ढोका खुलेको अध्यक्ष दाहालले जानकारी दिए।

चर्चित अभिनेता निखिल उप्रेतीले यस क्षेत्रमा लाग्न अघिल्लो पुस्ता र आफूले पनि धेरै सङ्घर्ष गरेको बताए। उनले यस क्षेत्रमा लाग्ने दृढ इच्छा भयो भने कुनै समस्याले नछेक्ने बताए। अबको चलचित्र उद्योगले युवा पुस्ता खोजिरहेको उनको भनाइ थियो।

विज्ञान प्रविधिलाई आत्मसात् गर्दै युवा पुस्ताले यसको जिम्मेवारी वहन गर्न सक्नेगरी अघि बढ्नु आजको आवश्यकता भइसकेको अभिनेता उप्रेतीले बताए। अग्रज सृष्टाहरूलाई बिर्सने, अग्रजहरूको मान–सम्मान, कदर गर्न नसक्नेहरूले कला क्षेत्रमा आफ्नो मात्र नभई समग्र कला क्षेत्रको नै बदनाम बनाउने गरेको तीतो अनुभव पनि अभिनेता उप्रेतीले सुनाए।

कार्यक्रममा निजगढ नगरपालिकाकी उपप्रमुख लीलादेवी लामिछानेले तालीमले प्रदेशको मात्र नभई निजगढ नगरको समेत गौरव बढाएको बताइन्। उनले यसलाई अवसरको रूपमा लिनसमेत तालीममा सहभागीहरूलाई सुझाइन्। कला क्षेत्रलाई निजगढ नगरले समेट्दै आइरहे पनि प्रभावकारी ढङ्गले यसको संरक्षण र विकासमा सोचे जस्तो अझै गर्न नसकिएको उनले स्वीकार गरिन्।

कार्यक्रममा नेपाल चलचित्र निर्देशक समाजका संस्थापक अध्यक्ष युवराज लामाले तालीम प्रदेश नं २ मा पहिलो भएको बताउँदै आगामी दिनमा यस्ता तालीमलाई अन्य प्रदेशमा पनि गराउनुपर्ने बताए। तालीममा सहभागी भइसकेपछि चलचित्र के हो, चलचित्र निर्माणका लागि आवश्यक लेखन, निर्देशन, आर्थिक पक्ष, प्राविधिक पक्ष, कलाकार, कसरी बजारीकरण गर्नेलगायतका विषयमा आधारभूत ज्ञान हुने वरिष्ठ कलाकार लामाले बताए।

कार्यक्रममा चलचित्र विकास बोर्डका प्रकाश भट्टराई, नेपाल चलचित्र निर्देशक समाजका कोषाध्यक्ष समुद्र भट्ट, नेपाल चलचित्र निर्देशक समाज एवं चलचित्रकर्मी महासङ्घ प्रदेश नं १ का अध्यक्ष अरुणकुमार प्रधान, वरिष्ठ छायाकार पुरुषोत्तम प्रधान, चलचित्र विकास बोर्डका लेखा अधिकृत प्रभाकर भट्टराई, चलचित्र सङ्ग्रहालय, सूचना तथा अन्तर्राष्ट्रिय सम्बन्ध अधिकृत चिरञ्जीवी गुरागाईं, नेपाल चलचित्रकर्मी महासङ्घ प्रदेश नं १ का महासचिव दिनेश कोइराला, नेपाल चलचित्र नृत्य सङ्घका कार्यवाहक अध्यक्ष जनक कार्की, संविधानसभा सदस्य जयराम दाहाल, होटल तथा पर्यटन व्यवसायी सङ्घ बाराका अध्यक्ष मोहन शर्मा, कार्यवाहक अध्यक्ष अर्जुन लम्साल, समाजसेवी माला लामा, नेपाल फोटो पत्रकार महासङ्घका केन्द्रीय सदस्य जीतलाल श्रेष्ठलगायतको सहभागिता थियो।

नेपाल चलचित्र निर्देशक समाजका अध्यक्ष रक्षा सिंह राणाको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन नेपाल चलचित्र निर्देशक समाजका महासचिव जनकदीप पराजुलीले गरेका थिए। आजदेखि एक सातासम्म सञ्चालन हुने तालीममा बारा, पर्सा, रौतहट, नवलपरासीबाट ३५ जना सहभागी छन्।

# नेकपा एमालेको नगर अधिवेशन शुक्रवार




तस्वीरः प्रतीक

प्रस, निजगढ, १ मङ्सिर/

नेपाल कम्युनिस्ट पार्टी एमाले निजगढ नगर कमिटीको प्रथम नगर अधिवेशन शुक्रवार हुने भएको छ।

बुधवार पत्रकार सम्मेलन गरी यही मङ्सिर ३ गते शुक्रवार अधिवेशन हुने जानकारी दिइएको थियो।

कार्यक्रममा प्रमुख अतिथि पार्टीका स्थानीय कमिटी सदस्य शङ्कर पोखरेललगायत अन्य नेताहरूको सहभागिता रहने नेकपा एमाले निजगढ नगर कमिटीका अध्यक्ष दिलबहादुर लामाले बताए।

अधिवेशनबाट नगर अध्यक्ष, उपाध्यक्ष, सचिव, दुईजना उपसचिवसहित ७५ सदस्यीय नगर कमिटी गठन हुने बताइएको छ।

पत्रकार सम्मेलनमा पार्टीका एकबहादुर श्रेष्ठ, अम्बिका चौलागाईं, लीलादेवी लामिछाने, नारायण गौतम, भोला गौतम, कृष्ण लामा, सुरथ पुरी, थानेश्वर सापकोटा, रामकृष्ण घिमिरेलगायत सहभागी थिए।

# परिवार दल बाराको अधिवेशन सम्पन्न

प्रस, वीरगंज, १ मङ्सिर/

नेपाल परिवार दल बाराको दोस्रो




तस्वीरः प्रतीक

जिल्ला अधिवेशन बुधवार सम्पन्न भएको छ। कलैयामा आज भएको अधिवेशनले रामचन्द्र चौधरीको अध्यक्षतामा ५१ सदस्यीय जिल्ला कमिटी सर्वसम्मतबाट गठन गरेको छ।


यसअघि, अधिवेशनको उद्घाटन केन्द्रीय सदस्य एवं पर्सा शाखा अध्यक्ष पल्टनप्रसाद कुर्मीले गरेका थिए। उनले अधिवेशनले पार्टीलाई मजबूत पारेको बताए। उनले कार्यकर्ताहरूलाई चुनावी तयारीमा लाग्न निर्देशन दिए। कार्यक्रममा जनमत पार्टीका केन्द्रीय सदस्य रामबाबू साहलगायतले अधिवेशन सफलताको शुभकामना व्यक्त गरेका थिए। कार्यक्रमको सहजीकरण उपेन्द्र पासवानले गरेका थिए।

# रामदेव कलवार रहेनन्

प्रस, वीरगंज, १ मङ्सिर/

पर्सा जिल्लाका पुराना मदिरा व्यवसायी एवं समाजसेवी रामदेवप्रसाद कलवारको बुधवार बिहान निधन भएको छ।

केही महीनादेखि निरन्तर बिरामी पर्दै आएका कलवारको आज बिहान ३ बजे नर्भिक अस्पताल काठमाडौंमा निधन भएको हो। कलवारको उदयपुर डिस्टिलरी, जयश्री धौलागिरि डिस्टिलरी, श्रीराम पिक्चर प्यालेस, बजरङ्ग सिनेमा हललगायत छन्। पोखरियामा रहेको जिल्ला उच्चाङ्गल रामदेव कलवार आधारभूत प्राविधिक विद्यालयमा उनको सहयोग रहेको छ।








**आजको कार्यक्रम**

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |


**प्रकृति सकिए जीवन सिद्धिन्छ।**

त्यसैले प्राकृतिक सम्पदाको अतिक्रमण र दोहन नगरौं। वनजङ्गल, नदीनाला, पहाडपर्वत, जडीबुटी, जीवजन्तु र जैविक विविधताको संरक्षण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड